म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ५१ | मंगलबार ४ असोज २०७९ | ने. सं. ११४२ ञलगा | 20 September, 2022 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**घर तथा फ्ल्याट भाडामा**

हेटौंडा-२ स्थित सिद्धार्थ स्कुल अगाडि रहेको साडे २ तल्ला घर भाडामा रहेको हुँदा अफिस, आवास तथा गोदामको लागि आवश्यक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

हेटौंडा-५, अब्बलडाँडामा रहेको १ तल्ला घर विक्री तथा भाडामा रहेको छ ।

हेटौंडा-५, पिप्ले रुद्रेश्वर मन्दिर नजिक रहेको २६ धुर जगा बिक्रीमा रहेको हुँदा इच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

सम्पर्क नं. ९८५११३२८७४
९८४५०२८४३१

# बागमती प्रदेश सरकारविरुद्ध दुईसय २३ मुद्दा दर्ता

साझाकुरा संवाददाता

हेटौंडा, ३ असोज/ करिब पाँच वर्षमा बागमती प्रदेश सरकारविरुद्ध दुईसय २३ वटा मुद्दा परेको छ ।

देश संघीयतामा गएपछि पहिलोपटक स्थापना भएको पाँच वर्ष नपुग्दै प्रदेश सरकारविरुद्ध दुईसय २३ वटा मुद्दा परेको हो ।

अधिकार हस्तान्तरण नगरेको भन्दै संघीय सरकारविरुद्ध मुद्दा हाल्ने चेतावनी दिइरहेको प्रदेश सरकारविरुद्ध नै पाँच वर्ष नपुग्दै दुईसय २३ वटा मुद्दा परेको मुख्यन्यायाधिवक्ताको कार्यालय हेटौंडाले जनाएको छ । कार्यालयको अनुसार आर्थिक वर्ष २०७४/०७५ मा प्रदेश सरकार विरुद्धमा ४ वटा मुद्दा परेको थियो भने २०७५/०७६ मा १२ वटा, २०७६/०७७ मा ४२ वटा, २०७७/०७८ मा ४६ वटा, २०७८/०७९ मा ७५ वटा र चालू आर्थिक वर्षमा ४४ वटा मुद्धाहरु परेका छन् । कार्यालयको स्थापना भएको समय आर्थिक वर्ष २०७४/०७५ मा सरकारविरुद्ध ४ वटा मुद्दा परेको थियो । जसमध्ये एउटा मुद्दा फर्छ्यौट गर्न कार्यालय सफल भएको थियो । अन्य ३ वटा मुद्धा भने आर्थिक वर्ष २०७५/०७६ मा बक्यौता रहेको पाइएको छ ।

आर्थिक वर्ष २०७५/०७६ मा जिम्मेवारी सरी आएका ३ वटा र सरकारकाविरुद्धमा परेको नयाँ दर्ता भएका १२ वटा गरी जम्मा १५ वटा मुद्दा रहेको थियो । उक्त मुद्धामध्ये मुख्यन्यायाधिवक्ताको कार्यालयले सो वर्षमा ३ वटा मात्र फर्छ्यौट गर्न सफल भयो भने १२ वटा बक्यौता रह्यो । आर्थिक वर्ष २०७६/०७७ मा गत वर्षको बक्यौता रहेको १२ वटा मुद्दा जिम्मेवारी सरी आएको र ४२ वटा नयाँ गरी जम्मा ५४ वटा मुद्दा रहेको थियो । जसमध्ये कार्यालयबाट १३ वटा फर्छ्यौट गर्न सफल भएको छ भने ४१ वटा बक्यौता रहेको थियो । बक्यौता रहेको ४१ वटा मद्धा र आर्थिक वर्ष २०७७/०७८ मा नयाँ दर्ता भएका ४६ वटा गरी कूल ८७ वटा मुद्धा रहेको थियो । त्यसमध्ये कार्यालयले सो वर्षमा १३ वटा मुद्धा फर्छ्यौट गरेको देखिन्छ ।

७४ वटा मुद्धा भने आगामी वर्षको लागि जिम्मेवारी सरेको देखिन्छ । आर्थिक वर्ष २०७८/०७९ मा भने सरकारविरुद्धमा ७५ वटा नयाँ दर्ता भएको थियो । गत वर्षबाट जिम्मेवारी सरेर आएको ७४ वटा मुद्धामध्ये कार्यालयले ४४ वटा फर्छ्यौट गर्न सफल भएको छ । चालू आर्थिक वर्षको लागि १०५ वटा लगत सरेर आएको छ ।

चालू आर्थिक वर्ष २०७९/०८० को २ महिनामा मात्र ४४ वटा मुद्धा थपिएको छ । गत साउन महिनामा मात्र ११ वटा र भदौ महिनामा ३३ वटा मुद्धा थपिएको हो । गत आर्थिक वर्षको अन्तिम सम्ममा परेका १०५ वटा मुद्धा र गत २ महिनामा परेका ४४ गरी कूल १४९ वटा मुद्धाहरु चालू अवस्थामा रहेका छन् । तथ्यांकले सरकारविरुद्धको मुद्धा हरेक वर्ष दर बढ्दो क्रममा देखाएको छ । सुरुका वर्षहरुमा प्रदेश सरकारविरुद्ध कर्मचारी समायोजनसँग सम्बन्धित मुद्धाहरु पर्ने गरेको मुख्यन्यायाधिवक्ताको कार्यालय हेटौंडाले जनाएको छ ।



कार्यालयका अनुसार पछिल्ला वर्षहरुमा मुद्धाको प्रकृतिमा पनि फरक आएको छ । जसमा प्रदेश सरकारको अधिकार क्षेत्र, कर तथा राजश्व, प्रदेश कानूनको सम्बन्धमा न्यायिक पुनरावलोकनका मागलगायतका रिट निवेदन पर्ने गरेका छन् ।

गत आर्थिक वर्ष २०७८/०७९ मा सरकार विरुद्धमा परेका मुद्धाहरु मध्ये १६ वटा मुद्धाहरूमा हार व्यहोरेको छ । गत आर्थिक वर्षमा फैसला भएका ४४ वटा मुद्धा मध्ये १६ वटा सरकारले हारेको छ भने अन्य २८ वटा मुद्धा जितेको छ । सरकारले गत आर्थिक वर्षमा सर्वोच्च अदालतले फैसला गरेका २२ वटा मुद्धाहरु मध्ये ६ वटा मुद्दा हारेको हो । १६ वटा मुद्धा भने सरकारले जितेको छ ।

त्यस्तै उच्च अदालत पाटन अन्तर्गतको ललितपुर र हेटौंडा इजलासबाट फैसला भएका १९ वटा मुद्धामध्ये १० वटा मुद्धा सरकारको विपक्षमा आएको छ भने ९ वटा मुद्धा सरकारले जितेको छ । जिल्ला अदालत ललितपुरले फैसला गरेको २ र जिल्ला अदालत चितवनले फैसला गरेको एउटा मुद्धा सरकारले जितेको छ । प्रदेश सरकारविरुद्ध सबैभन्दा बढी मुद्धा सर्वोच्च अदालतमा परेको छ ।

मुख्यन्यायधिवक्ताको कार्यालयको अनुसार गत साउन सम्ममा कायम रहेका ११६ वटा मुद्धामध्ये सर्वोच्च अदालतमा चालू आर्थिक वर्षमा मात्र ८५ वटा मुद्धा रहेका छन् । जुन कूल मुद्धाको ८२ प्रतिशत हो । उच्च अदालत पाटन ललितपुरमा कूल मुद्धाको ८ प्रतिशत रहेको छ । सो अदालतमा ९ वटा मुद्धाहरु चालू अवस्थामा रहेका छन् ।

त्यस्तै उच्च अदालत पाटन हेटौंडा इजलाशमा ७ वटा मुद्धा रहेको छ । जुन कूल मुद्धाको ६ प्रतिशत हो । अधिकांश मुद्धामा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयलाई विपक्षी बनाइएको छ ।

# हेटौंडामा मनाइयो संविधान दिवसः प्रदेश प्रमुख र मुख्यमन्त्रीले के भने ?

साझाकुरा संवाददाता

हेटौंडा, ३ असोज/ बागमती प्रदेशको मुकाम हेटौंडामा मंगलबार संविधान दिवस मनाइएको छ । ७ औं संविधान दिवस तथा राष्ट्रिय दिवसको अवसरमा हेटौंडामा प्रभातफेरी र औपचारिक कार्यक्रम गरिएको छ ।

हेटौंडाको भुटनदेवी माध्यामिक विद्यालयबाट सुरु प्रभातफेरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा गएर कार्यक्रममा परिणत भएको थियो । पञ्चेबाजा, झाँकीसहित प्रभातफेरी गरिएको हो । मुख्यमन्त्री राजेन्द्र प्रसाद पाण्डेको अध्यक्षतामा भएको समारोह कार्यक्रममा प्रदेश प्रमुख यादव चन्द्र शर्माको प्रमुख आतिथ्यता रहेको थियो । बागमती प्रदेशका प्रदेश प्रमुख यादव चन्द्र शर्माले संविधानको मर्म र भावनालाई अक्षरस: पालना गर्दै कार्यावयन गर्नु सबैको दायित्व भएको बताएका छन् ।




संविधान दिवस २०७९ को शुभकामना सन्देश जारी गर्दै शर्माले आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरी जारी गरिएको संविधानको मर्म र भावनालाई अक्षरस:पालना गर्दै त्यसको कार्यान्वयन गर्नु हामी सबैको दायित्व भएको बताएका हुन् ।

प्रमुख शर्माले आफ्नो शुभकामना सन्देशमा नेपाली जनताको संघर्ष, त्याग र बलिदानपछि संविधान जारी भएको २०७२ असोज ३ लाई ऐतिहासिक दिवसको रुपमा स्मरण गरिरहेको उल्लेख गरे । 'नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण राखी जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात्त गर्दै देशमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली मजबुत बनाउनका लागि संविधान जारी भएको सुखद् दिनका रुपमा 'संविधान दिवस' मनाउने गर्दछौं ।' सन्देशमा भनिएको छ ।

शर्माले दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न सविधानसभाबाट संविधान पारित भएकोमा गौरवबोध गरिएको बताए । उनले यस अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि भएका विभिन्न आन्दोलनको क्रममा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने नेपाल आमाका वीर सन्तानप्रति उच्च सम्मान प्रकट गर्दै भावपूर्ण श्रद्धान्जली समेत अर्पण गरेका छन् । संविधानवादको सिद्धान्तलाई अंगिकार गरी संविधान कार्यान्वयनको सवालमा देखा परेका चुनौती सामना गर्न तत्पर रहनु आजको आवश्यकता भएको जोड शर्माले दिएका छन् । दिवसले संविधानले परिकल्पना गरेको महान लक्ष्य प्राप्तिका लागि मनवचन र कर्मले समर्पित रहन सबैलाई प्रेरणा प्रदान गरोस् भन्ने कामनासमेत गरे ।

मुख्यमन्त्री कार्यालयमा भएको औपचारिक कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री राजेन्द्र प्रसाद पाण्डेले संविधानको कार्यन्वयन गर्न संघीय सरकार बाधक बनेको आरोप लगाएका छन् । मुख्यमन्त्री पाण्डेले नेपालको संविधान कार्यान्वयनको लागि संघीय सरकार बाधक रहेको बताएका हुन् । संघीय सरकारले संघीयता कार्यन्वयनमा चासो नदिँदा समस्या भएको उनको भनाइ छ । संघीय सरकारले आवश्यक कानुन निर्माण नगर्दा प्रदेश तहले कानुन निर्माण गर्न बाधा अबरोधको सामना गर्नुपरेको र संविधान नै कार्यन्वयनमा समस्या भएको बताए ।

उनले संवैधानिक अधिकार व्यवस्थित नहुँदा प्रदेश सरकारलाई काम गर्न जटिलता भएको र संविधानमा व्यवस्था भएको अधिकार समेत नपाएको बताए । उनले भने 'कानुन त बन्नै बाँकी छ, संविधानमा उल्लेख भएको कुरा समेत पाइएन,' उनले भने । प्रदेश सरकारका आन्तरिक मामिला तथा कानुन मन्त्री कृष्ण शर्मा खनालले संविधान दिवसलाई औपचारिक मात्र बनाउँदा मर्मबारे आम नागरिक अझै प्रष्ट हुन नसकेको बताएका छन् । यसैगरी, संविधान दिवस-२०७९ को अवसरमा सञ्चार रजिष्ट्रारको कार्यालय बागमती प्रदेश र नेपाल पत्रकार महासंघ मकवानपुर शाखाको समन्वयमा भएको खुला लेख प्रतियोगिताका विजेतालाई पुरस्कार वितरण गरिएको छ ।

विजयीहरुलाई बागमती प्रदेशका प्रदेश प्रमुख यादबचन्द्र शर्माले पुरस्कार वितरण गरेका थिए । काठमाडौं निवासी डा. अश्वस्थामा भक्त खरेल प्रथम, हेटौंडाका निर्मलकुमार पौडेल द्धितीय र पत्रकारहरु भानुभक्त आचार्य तथा गणेश दुलाल तृतीय भएका थिए । संविधान कार्यान्वयनमा प्रदेशको योगदान विषयमा लेख लेखिएको थियो । प्रतियोगितामा विजेता प्रथम, द्धितीय र तृतीय हुनेले क्रमश: नगद १५ हजार, १० हजार र पाँच हजार नगदसहित प्रमाण पत्र वितरण गरिएको थियो ।

# बकैया जेसीजको सप्ताहाव्यापी कार्यक्रम

साझाकुरा संवाददाता

हेटौंडा, ३ असोज/पूर्वी मकवानपुरको बकैया गाउँपालिकामा स्थापना भएको प्रस्तावित बकैया जेसीजको आयोजनामा सप्ताहव्यापी कार्यक्रम सुरु भएको छ ।

जेसीजले सप्ताहाव्यापी कार्यक्रमअर्न्तगत् बकैया-४ जुरेलीमा रहेको शक्तेश्वर महादेव मन्दिर सरसफाई तथा अन्तर जेसीज वक्तृत्वकला कार्यक्रम सम्पन्न गरेको छ ।

विक्रम खत्रीको संयोजकत्वमा भएको सरसफाई कार्यक्रममा जेसीजका सदस्य तथा स्थानीयहरुको सहभागिता रहेको थियो । मंगलबार जेसीजको आयोजनामा 'प्रभावको लागि कार्य' विषयक अन्तर जेसीज वक्तृत्वकला कार्यक्रम सम्पन्न भएको छ ।

जितेन्द्र दाहालको संयोजकत्वमा भएको कार्यक्रममा सरोज ढुंगेलले प्रथम स्थान हासिल गरे । वक्तृत्वकलामा सुशिल घिमिरे द्वितीय तथा शौभाग्य दुतराज तृतीय भएका छन् । प्रस्तावित बकैया जेसीजका अध्यक्ष रमेश फुँयालको अध्यक्षतामा भएको कार्यक्रममा जेसीजका कार्यकारी उपाध्यक्ष अमोद बस्नेतले स्वागत मन्तव्य व्यक्त गरेको सेजीका महासचिव सुनिल खनालले बताए ।

कार्यक्रमअर्न्तगत मंगलबार साँझ संविधान दिवससको अवसर पारेर महेन्द्र मावि छतिवनको प्रांगणमा दिप प्रज्वलन गरिएको थियो । ८ गते बकैयामा सप्ताहव्यापी कार्यक्रम हुनेछ ।

# अस्पताललाई एक हजार थान डेंगु परीक्षण किट

साझाकुरा संवाददाता

हेटौंडा, ३ असोज/ पछिल्लो समय हेटौंडामा डेंगुका बिरामी अत्याधिक बढ्न थालेपछि स्थानीय सरकारले परीक्षणको दायरा बढाउन जिल्ला अस्पताललाई निर्देशन दिएको छ ।

हेटौंडामा डेंगु संक्रमणले महामारीको रुप लिएसँगै हेटौंडा अस्पतालमा बिरामीहरुको खचाखच भीड छ । बिरामीहरुलाई बेड पाउनसमेत मुस्किल परिरहेको अवस्थामा अस्पताललाई उपचारमा ध्यान दिन हेटौंडा उपमहानगर पालिकाले निर्देशन दिएको हो । उपमहानगरले डेंगु संक्रमणको परीक्षणका लागि अस्पताललाई किटसमेत सहयोग गरेको छ ।

डेंगु किट अभाव भएको पाइएपछि उपमहानगरले अस्पताललाई थप एक हजार थान डेंगु परिक्षण किट सहयोग गरेको हो । सोमबार अस्पतालमा पुगेर उपमहानगरका उपमेयर राजेश बानियाँले अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. रामचन्द्र सापकोटालाई किट हस्तान्तरण गरेका छन् ।



उपमहानगरपालीकाले यसअघि पनि अस्पताललाई एक हजार किट सहयोग गरेको थियो । किट हस्तान्तरण गर्दै उपमेयर बानियाँले हेटौडा अस्पतालबाट माग भई आए अनुसार आवश्यक पर्ने अन्य स्वस्थ्य सामग्री तथा डेंगु परीक्षण किट उपलब्ध गराउन उपमहानगर तयार रहेको बताए ।

अस्पतालमा पछिल्लो समय मकवानपुरबासीले उपचारमा सहज पाएको र साना तिना समस्याहरु बिस्तारै समाधान हुँदै आएको बानियाँले बताएका छन् । अहिले डेंगु महामारीका रुपमा रहेकाले आम नागरिकलाई परिक्षण गराउन सजिलो होस भन्दै डेंगु परिक्षण किट अस्पताललाई सहयोग गरेको बानियाँले बताए ।

अस्पतालका मेसु डा. सापकोटाले हेटौडा अस्पतालमा दैनिक एक सयको हाराहारीमा डेंगुका बिरामी परीक्षणका लागि आउने गरेको बताएका छन् । थप किटका लागि अस्पतालले पनि खरिद गर्ने तयारी गरिरहेको सापकोटाको भनाई छ ।

अस्पताल पहिलेको भन्दा धेरै व्यवस्थित हुँदै आएको बताउँदै मेसु डा. सापकोटाले थप व्यवस्थित बनाउन आफुहरु लागिपरेको बताए । किट हस्तान्तरणमा अस्पताल समिति सदस्य हिरा लामा, उपमहानगरपालिको वरिष्ठ जनस्वास्थ्य निरीक्षक कृष्ण यादवलगायतको उपस्थिति थियो ।

# जनै बनाउने तालिम सकियो

साझाकुरा संवाददाता

हेटौंडा, २९ भदौ/ नेपाल चर्खा प्रचारक गान्धी तुलसी स्मारक महागुठीले हेटौंडाका महिला र पुरुषहरुलाई दिएको जनै बनाउने तालिम समापन भएको छ ।

सामुदायिक महिला विकास केन्द्रको व्यवस्थापनमा भएको तालिम एक हप्तासम्म सञ्चालन भएको थियो । तालिममा ४३ जना महिला र ७ जना पुरुषको सहभागिता रहेको नेपाल चर्खा प्रचारक गान्धी तुलसी स्मारक महागुठीका महासचिव गोमा गौतमले जानकारी दिइन् । महिलाहरुलाई स्वरोजगार बनाउन तालिम दिइएको गौतमले बताएकी छन् । हरि प्रसाद अधिकारी, जगनाथ अधिकारी र कृष्ण प्रसाद सिलवालले तालिममा प्रशिक्षण दिएका छन् । महिलाहरुलाई मकैको खोस्टाबाट सजाउने फुल बनाउने तालिमको पनि व्यवस्था रहेको महागुठीले जानकारी दिएको छ । उत्पादित जनै आयोजक आफैंले खरिद गर्ने भएको छ ।




**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

सेवाहरुः
- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# विपद्मा स्थानीय तहको भूमिका

नेपाल कोरोना महामारीको चपेटाबाट अझै उठ्न सकेको छैन । अझै कोरोना संक्रमतिहरु देखा परिरहेका छन् । कोरोनासँगै हाल मकवानपुरमा डेंगु रोगको प्रकोप तीव्र रुपमा फैलिएको छ । विपद्को रुपमा डेंगु देखा परेको छ । डेंगुले जिल्ला अस्पताल भरिभराउ भएका छन् । कोरोना र डेंगु सीमित समयमा यसको रोकथाम र नियन्त्रणबाट समाधानको उपाय निकाल्न सकिन्छ । तर, वर्षौंदेखि जिल्लाबासी प्राकृतिक विपद्बाट भने समस्यामा पर्दै आइरहेका छन् । देशभरबाट प्राकृतिक विपद् बाढी, पहिरोबाट वार्षिक रुपमा सयौंले ज्यान गुमाउने गरेका छन् । दुई दिनअघि मात्रै सुदूरपश्चिम प्रदेशको अछाम जिल्लाका विभिन्न स्थानमा पहिरो जाँदा कम्तीमा २२ जनाको ज्यान गएको छ । कयौं घाइते भएका छन् । गतवर्ष मेलम्चीमा बाढीबाट दर्जनौंको जनधनको क्षति भएको थियो । बाढी र पहिरोले जनधनलाई क्षति पुऱ्याइरहेको अवस्थामा मकवानपुर अछुतो छैन् । मकवानपुरका राक्सिराङ, कैलाश, बकैया, बागमती, मकवानपुरगढी, मनहरी, इन्द्रसरोबर गाउँपालिका प्राकृतिक विपद्को जोखिममा छन् । जसमध्ये राक्सिराङ, कैलाश इन्द्रसरारबेर, भीमफेदी र बकैया पहिरोको र मकवानपुरगढी, बागमती, मनहरी, थाहा नगरपालिका बाढीबाट जोखिममा छ । थाहा नगरपालिकामा गतवर्षको बाढीले खेतियोग्य जग्गासहित लाखौंको उत्पादित तरकारी बगाएको थियो । राक्सिराङ र कैलाशबासीले पक्की पुल नहुँदा मनहरी खोलामा हरेक वर्ष बगेको खबर आउँछन् । जिल्लाका सबै स्थानीय तह प्राकृतिक विप्दको जोखिममा रहेपनि सम्बन्धित स्थानीय तहले यसको रोकथामका लागि प्रभावकारी काम गरेको भने पाइदैन् । प्राकृतिक विपत्ती बाढी र पहिरोले पुऱ्याउने जनधनको ठूलो क्षति रोक्न स्थानीय तहहरु असफल हुँदै आएका छन् । अनुत्पादक क्षेत्रमा बजेट खर्चिने गरेका स्थानीय सकारले बजेट अभाव भएको भन्दै विपद् नियन्त्रण कार्यमा प्रदेश र संघीय सरकारको मुख ताक्ने गरेका छन् ।

तर, विपद्को क्षेत्रमा काम गर्दै आएकाहरु भने उचित योजनाको अभावमा स्थानीय तहहरु विपद्को रोकथाम र नियन्त्रणबाट पन्छिने गरेको बताउँछन् । प्रभावकारी योजना बनाएर बहुवर्षीय रुपमा बजेट बिनियोजन गरेर काम हुन सक्नेमा विपद्का क्षेत्रमा काम गरेकाहरु बताउँछन् भने स्थानीय तहहरुले विपद् सम्बन्धी छलफलसमेत नगरेको गुनासो गर्छन् । यस वर्षको मनसुन सक्रिय भएसँगै देशका विभिन्न भागमा व्यापक पहिरोले ठूलो क्षति पुऱ्याएको छ । यी सबै विपतीबाट देशका सबै क्षेत्रमा असर पुग्यो । कोरोना, पहिरो, बाढी, डुबान तथा चट्याङजस्ता प्राकृतिक विपत्तीले मुलुकलाई थप आक्रान्त पार्दै लग्यो । चट्याङबाट राक्सिराङमा केही दिनअघि मात्रै एक महिलाको मृत्यु भयो । चट्याङको रोकथाम गर्ने उपायहरु हुँदाहुँदै पनि स्थानीय तहहरु यसमा काम गर्न नरुचाउनुले गाउँबासीको चिन्तामा सरकार नरहेको देखिन्छ । मकवानपुरगढीले २०७४ पछि ८ वटै वडामा अर्थिङ जडान गरेर चट्याङ रोकथामको क्षेत्रमा काम गरेको थियो । त्यसयता हालसम्म मकवानपुर गढीमा चट्याङबाट कसैले ज्यान गुमाउनु परेको छैन् । गाउँमै आएको सरकारले आफ्ना नागरिक बचाउन वितेका ५ वर्षमा के-के भूमिका खेल्यो ? सायदै सबैले मूल्यांकन गरेका छन् । र, स्थानीय सरकारले विपतीसँग लड्न गरेको अथक प्रयासलाई जनताले प्रशंसका पनि गरे । अधिकार सम्पन्न स्थानीय तहले ठूलो धनराशी खर्च गरेर पनि कोरोना, बाढी, पहिरो, डुबान र चट्याङबाट आफ्ना गाउँबासीलाई बचाएको छ । कोरोना महामारी सुरु भएयता गाउँमै क्वारेन्टाइन बनाउनेदेखि नदी नियन्त्रणका लागि चेक ड्याम्मसम्म निर्माण स्थानीय तहरुले गरेका छन् । तर, त्यो पर्याप्त भने छैन् । बाढीले कटानको सम्भावित क्षेत्रमा तटबन्धनको कामलाई पनि गाउँपालिकाहरुले निरन्तर प्राथमिकता दिनुपर्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ असोज ०५ गते बुधबार २१ सेप्टेम्बर २०२२ । आश्विन कृष्णपक्ष एकादशी । ञलगा ११४२ ने.सं. । सूर्योदय ५:५२, सूर्यास्त ६:०० । इन्दिरा एकादशी ब्रत/विश्व शान्ति दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : शरीरमा बाधा पुग्न सक्नेछ | **तुला** | : खानपिन राम्रो हुनेछ |
| **वृष** | : मन पर्ने उपहार पाइने योग छ | **वृश्चिक** | : आत्म-विश्वास बढ्नेछ |
| **मिथुन** | : मन प्रशन्न हुने देखिन्छ | **धनु** | : धन खर्च हुनेछ |
| **कर्कट** | : पढाइमा सहयोग मिल्नेछ | **मकर** | : चिन्ता बढ्ने |
| **सिंह** | : यात्रामा कष्ट मिल्नेछ | **कुम्भ** | : विवाद हुन सक्ने |
| **कन्या** | : त्रासमय दिन हुनेछ | **मीन** | : यात्रामा खर्च बढ्नेछ |

# संविधानको सात वर्ष: पूर्ण पालनाको प्रश्न



✍ जिवेश झा

**संविधान र यसलाई लागू गर्न बनेका विभिन्न ऐनको कार्यान्वयन हुन नसक्दा राज्यबाट पाउनुपर्ने महत्त्वपूर्ण अधिकारबाट नागरिकहरू वञ्चित छन् ।**

संविधानलाई देशको मूल कानून भनिन्छ । सरकारका तह, निकाय र अंकहरूको संरचनादेखि राज्यको शक्ति बाँडफाँड, नियन्त्रण र सन्तुलनको स्पष्ट खाका कोरिएका प्रावधानहरूको सँगालो नै संविधान हो ।

नेपालका लागि पहिलो संविधान २००४ सालमा राणा सरकारको पालामा बनेको थियो, नेपाल सरकार वैधानिक कानून, २००४ । हाल प्रचलनमा रहेको नेपालको संविधान, २०७२ सातौं संविधान हो ।

संविधानसभाबाट निर्मित यो पहिलो संविधान प्रगतिशील दस्तावेजका रूपमा छ । प्रगतिशील मौलिक हक, अधिकारहरूको सुनिश्चितता गरेको यो संविधानले समावेशिता तथा तीन तहको स्पष्ट संघीय संरचनाको व्यवस्था गरेको छ । तर, यसको पूर्ण रूपमा कार्यान्वयन अझै हुन सकेको छैन । यो हाम्रो कमजोरी हो, यसको दोष संविधानलाई दिन मिल्दैन । तसर्थ, असोज ३ मा सातौं संविधान दिवस मनाउँदै गर्दा हामीले संविधान कार्यान्वयन गर्न ताजा संकल्प लिनुपर्छ ।

**पालना र कार्यान्वयन कमजोर**

नेपालको संविधानको धारा ३० ले प्रत्येक नागरिकलाई स्वच्छ र हरियाली वातावरणको हक प्रदान गरेको छ । तर, यो प्रावधान राज्यको नागरिकप्रतिको वाचा जस्तो मात्र बनेको छ, यसको पालना भएको छैन । पर्यावरणीय हितको रक्षा गर्न संघीय संसद्ले २०७६ सालमा वातावरण संरक्षण ऐन पारित गरेको छ । ऐन अन्तर्गत वातावरणको संरक्षण र संवर्द्धन गर्न संघीय सरकार, प्रदेश र स्थानीय सरकार तथा नागरिकहरू पनि जिम्मेवार छन् ।

ऐनको प्रस्तावनाले प्रदूषण पीडितलाई प्रदूषणकर्ता वा जिम्मेवार व्यक्ति वा निकायबाट क्षतिपूर्ति माग्ने अधिकार रहेको परिकल्पना गरेको छ । यो व्यवस्था नेपालको संविधानको धारा ३०(२) मा उल्लेख भए बमोजिम 'प्रदूषणकर्ताले भुक्तानी गर्ने सिद्धान्त' बमोजिम छ । यससँगै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई कानून, नीति र अन्य उपायहरू अवलम्बन गर्ने अधिकार प्रदान गरेका प्रशस्त प्रावधान समेटेको छ । दफा ११(२)(छ) ले स्थानीय निकायलाई प्रदूषण नियन्त्रण गर्न र स्वच्छ पानी र हावामा सास फेर्न आवश्यक उपायहरू अवलम्बन गर्ने र कार्यान्वयन गर्ने अधिकार दिएको छ ।

सन् २०२१ मा विश्वको सबैभन्दा प्रदूषित शहरको सूचीमा काठमाडौं नवौं स्थानमा थियो । वातावरण संरक्षणको क्षेत्रमा काठमाडौं सहितका स्थानीय तह असफल देखिएका छन् । जनकपुर उपमहानगरपालिकालाई नै हेरौं । सडकमा बेवारिसे छाडिएका सुँगुर, फोहोरको थुप्रो, अव्यवस्थित ढल, दुर्गन्ध र यत्रतत्र लामखुट्टे मिथिला नगरीको परिचय जस्ता बनेका छन् । यसले वातावरणीय कानूनको कार्यान्वयनमा सरकारी उदासीनता देखाउँछ ।

संविधानको धारा ३३ ले प्रत्येक नागरिकलाई रोजगारी छनोट गर्न पाउने मौलिक हक प्रदान गरेको छ । यस प्रावधानको कार्यान्वयनका लागि सरकारले रोजगारीको हक सम्बन्धी ऐन, २०७५ ल्यायो । ऐनको प्रस्तावनाले प्रत्येक नागरिकलाई रोजगारी सुनिश्चित गर्ने उद्देश्य राखेको छ । दफा ११(२) ले दफा १० अन्तर्गत नेपाल सरकारले स्थापना गर्ने रोजगार सेवा केद्रलाई कुल आवेदकहरूको सूचीबाट 'वास्तविक' बेरोजगार व्यक्तिहरूको सूची तयार गर्न अधिकार दिएको छ । तर, आवेदकहरूलाई कुन समयावधिभित्र रोजगारी उपलब्ध गराइने भन्नेबारे ऐन मौन छ । ऐनमा युवाहरूलाई स्वदेशमै रोजगारीको अवसर सिर्जना गरी कामका लागि विदेश जानबाट रोक्ने ठोस योजना परिकल्पना नै गरिएको छैन ।

संविधानको धारा ३८ लाई प्रभावकारी बनाउन लागू भएको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सम्बन्धी ऐन, २०७५ को पनि पूर्ण कार्यान्वयन हुन सकेको छैन । ऐनको दफा १३(३) ले प्रत्येक कार्यालयमा स्तनपान गराउन छुट्टै कक्षको व्यवस्था गरिनुपर्ने व्यवस्था गरेको छ । तर, नेपालमा केही गैरसरकारी र सरकारी कार्यालयहरूले मात्र स्तनपान कक्षको व्यवस्था गरेका छन् । यस्तै, उक्त ऐनको दफा ३२(३) ले निजी अस्पतालहरूलाई सेवा शुल्क सर्वसुलभ बनाउन निर्देशन दिएको छ । तर, 'सर्वसुलभ शुल्क' के हो भन्नेमा ऐनले कुनै स्पष्ट रूपरेखा र मापदण्ड तोकेको छैन । यसले गर्दा निजी अस्पतालहरूले कुनै पनि शुल्कलाई सर्वसुलभ शुल्कका रूपमा व्याख्या गर्न सक्ने भएका छन् ।



संविधानको धारा ३१ ले शिक्षाको हक सुनिश्चित गरेको छ । यसलाई कार्यान्वयन गर्न बनेको नि:शुल्क तथा अनिवार्य शिक्षाको हक सम्बन्धी ऐन, २०७५ ले नि:शुल्क तथा अनिवार्य शिक्षा राज्यको दायित्वमा राखेको छ । यो ऐनले विद्यालयमा बालबालिकाको पहुँच सुनिश्चितता गर्न प्रादेशिक र स्थानीय सरकारले पहल गर्नुपर्ने परिकल्पना गरे पनि विद्यार्थीको विद्यालय छाड्ने दरले कानूनी व्यवस्थाको पूर्ण पालना नभएको देखाउँछ ।

विद्यालय क्षेत्र विकास कार्यक्रमको प्रतिवेदन अनुसार, कक्षा १ मा भर्ना हुने बालबालिकामध्ये झण्डै ८६ प्रतिशत कक्षा ५ मा पुग्छन्, तर कक्षा ८ सम्म पुग्नेको संख्या ७४.६ प्रतिशत मात्र छ । ऐनले आधारभूत तहको शिक्षा (कक्षा १ देखि ८ सम्म) नपाएका व्यक्ति २०८५ साल वैशाख १ पछि कुनै पनि सरकारी वा गैरसरकारी जागिर वा सुविधाका लागि योग्य नहुने उल्लेख गरेको छ । अर्थात्, हाम्रा बालबालिकालाई शिक्षाको अवसर सुनिश्चित गर्न सकेनौं भने हामीमाझ बेरोजगार हरूको ठूलो भीड हुनेछ । सात दशकको अवधिमा हामीले ६ वटा संविधान फेरिसकेका छौं । कानूनहरू पनि प्रशस्त निर्माण गरेका छौं । तर, उचित कार्यान्वयन हुन नसक्दा ती कानून 'कस्मेटिक' मात्र बन्न पुगेका छन् ।

खाद्य र खाद्य सम्प्रभुताको अधिकार सम्बन्धी ऐन, २०७५ लाई नै हेरौं । यो महत्त्वपूर्ण कानून हो, जसले सामाजिक-आर्थिक लोकतन्त्र थप सुदृढ गर्ने उद्देश्य लिएको छ । यो ऐनले खाद्य सम्प्रभुताको बाटोमा आउने जटिलतालाई सीमित गर्न केन्द्र, प्रदेश र स्थानीय तहलाई संयुक्त रूपमा पहल गर्न प्रोत्साहित गर्छ । तर, हामीसँग पर्याप्त खाद्य उत्पादन छैन । खाद्यान्न आयातमा भारत र अन्य देशप्रतिको निर्भरताले हाम्रो देश खाद्य सम्प्रभुता सुनिश्चित गर्न असफल भएको देखाउँछ ।

अधिकारको प्रत्याभूति गर्ने लगभग सबै कानून पूर्ण कार्यान्वयन हुन नसकेको अवस्थामा छन् । एनालिटिकल स्कूल अफ ज्युरिस्प्रुडेन्सका न्यायविद् एच.एल.ए. हार्टले भनेका थिए, 'कानूनको निर्माणभन्दा पनि हामी त्यसको कार्यान्वयनमा बढी गम्भीर हुनुपर्छ ।' संवैधानिक मूल्य-मान्यताको पालना नगर्नु भनेको संविधानको अवहेलना गर्नु हो ।

संविधानको अवहेलना भनेको संविधानमाथिको ठगी हो । तसर्थ, संविधानको पालना गरेर अधिकारमा पहुँच स्थापित गर्ने र कर्तव्य बोध गराउने वेला आएको छ । संविधान दिवस मनाइरहँदा संविधानको पूर्ण पालना गर्ने प्रतिबद्धता र पहलकदमी देखियोस् ।

*-साभार: हिमालखबर*

# टाट पल्टिन लागेको देशका नेताहरूको यो ठाँट !



✍ सोमबहादुर थापा

> "सात वर्षदेखि नेपालको एक लाख हाराहारीमा रहेका निजामती कर्मचारीमध्ये एउटा पनि सर्वोत्कृष्ट काम गर्ने कर्मचारी नभेटिएको खबर सार्वजनिक हुनु प्रशासनिक दुर्दशाको उदाहरण हो ।"

हाम्रो कर्मचारीतन्त्रमा मरीमेटी काम गर्ने कर्मचारीहरू करिब ३० प्रतिशतका हाराहारीमा होलान् । तिनले नै निजामती सेवाको इज्जत र प्रतिष्ठा बचाउने काम गरेका छन् । तिनले काम गर्दा र निर्णय गर्दा प्रचलित कानुन र बुद्धि विवेकको प्रयोग गर्छन् । नेताहरू र अरु प्रभावशाली व्यक्तिहरूको दबाब र प्रभावमा पर्दैनन् । नेताहरूको घर दैलोमा पनि जाँदैनन् ।

दु:खको कुरा त्यस्ता कर्मचारीहरूलाई न उच्च प्रशासकहरूले मन पराउँछन् न राजनीतिक दलका नेताहरूले मन पराउँछन् । तिनलाई निजामती सेवा पुरस्कार दिँदा उच्च प्रशासकहरूले पनि सम्झिँदैनन् । यहीकारण सात वर्षदेखि निजामती सेवामा सर्वोत्कृष्ट कर्मचारी फेला नपरेको हो । नेपालको निजामती सेवामा सर्वोत्कृष्ट कर्मचारी नभएका होइनन् । यस्ता कर्मचारी धेरै छन् । सर्वोत्कृष्टमध्ये पनि सर्वोत्कृष्ट छनौट गर्न प्रशासनिक नेतृत्व असफल भएको मात्रै हो । नेपालको उच्च प्रशासनिक नेतृत्वमा कार्यदक्षता र निर्णय क्षमताको बिल्कुलै अभाव छ । यिनीहरूसँग प्रतिस्पर्धात्मक क्षमता र दक्षता पनि छैन ।

विदेशी राष्ट्र वा एजेन्सीहरूसँग अडान लिएर वार्ता र सम्झौता गर्ने सीप र योग्यता नहुँदा आज नेपालले विदेशीले जे-जे भन्यो त्यही अनुसार सम्झौता गर्नुपरेको छ । यहीकारण नेपाललाई ठूलो घाटा र क्षति हुने गरी टनकपुर सम्झौता, महाकाली सन्धी, र विभिन्न जलविद्युत् आयोजना निर्माणका सम्झौता हुन गएका हुन् ।

निजामती कर्मचारीहरूको कार्य सम्पादन मूल्यांकन अपवादमा बाहेक सबैजसोको उत्कृष्ट नै रहेको अवस्था छ । त्यसलाई आधार बनाएको भए सात वर्षदेखि निजामती सेवामा सर्वोत्कृष्ट कर्मचारी भेटिएन भन्ने सन्देश प्रवाह गर्नुपर्ने थिएन ।

सात वर्षदेखि नेपालको एक लाख हाराहारीमा रहेका निजामती कर्मचारीमध्ये एउटा पनि सर्वोत्कृष्ट काम गर्ने कर्मचारी नभेटिएको खबर सार्वजनिक हुनु प्रशासनिक दुर्दशाको उदाहरण हो । साँच्चै भन्ने हो भने अक्षम, अयोग्य प्रशासनिक नेतृत्वको कारण यस्तो दुर्दशापूर्ण सन्देश बाहिर आएको हो । यो काम निजामती सेवालाई बद्नाम गराउने उद्देश्यले गरिएको हो ।

निजामती सेवामा राम्रो काम गर्ने र कामै नगर्ने दुई किसिमका कर्मचारी छन् । अधिकांश कर्मचारी अयोग्य र अक्षम मात्रै छैनन्, तिनीहरू आफूले गर्न सक्ने काम पनि गर्न चाहँदैनन् । ती कर्मचारीहरू निजामती सेवाको बद्ख्याइँ गर्नु नै आफ्नो पुरुषार्थ ठान्छन् । युनियनको व्यवस्थाले नेपालको प्रशासनलाई निकै बद्नाम गराएको छ । दलैपिच्छे युनियन छन् र युनियनमा लाग्नेहरूले आफूलाई दलको नेता ठान्छन् । कार्यालयको काम पनि गर्दैनन् । सबै नेताको घर दैलोमा तिनै पुग्छन् । सबै नेता तिनकै कुरा सुन्छन् । आकर्षक ठाउँमा तिनकै सरुवा हुन्छ । व्यक्तिगत र दलगत स्वार्थ लिनुबाहेक तिनको अर्को कुनै काम हुँदैन । आज त्यस्ता कर्मचारीहरूको कारण निजामती सेवा बदनाम हुँदै गएको छ । हालका राजनीतिक दलका नेताहरूवाट यसलाई सुधार गर्ने आँट र छाँट दुवै देखिँदैन ।

आजको जमानामा कर्मचारीलाई तलव भत्ता योग्यता, क्षमता, कार्यदक्षता र कामको गुणस्तरको आधारमा दिनु न्यायोचित र वैज्ञानिक हुन्छ । निजी क्षेत्रमा त्यही नियम छ । अन्तर्राष्ट्रिय संस्था र एजेन्सीहरूमा मान्छेपिच्छे तलब तथा सुविधा फरक फरक रूपले दिइन्छ ।

मरीमरी काम गर्ने र कामै नगर्नेलाई समान दरमा तलव भत्ता दिनु पनि अपराधजन्य काम हो । राज्यले यस्तो काम गर्नु हुँदैन र यस्तै नीति र व्यवस्था अपनाइरहने हो भने नेपालको निजामती सेवावाट जनताका आकांक्षा र चाहना पूरा गर्न पनि सकिँदैन ।

आज नेपालको निजामती सेवाको हालत दिन दिनै नाजुक बन्दै गएको अवस्था छ । नेपालको निजामती सेवा अक्षम, अयोग्य, नालायक, कामचोर र भ्रष्ट भनेर आलोचना हुने गरेको छ । निजामती प्रशासनको अवस्था दिनदिनै खराब हुँदै जानुका दुई वटा कारण छन् । पहिलो कारण साना ठूला सबै कर्मचारीहरूले आफ्नो काम कर्तव्य र अधिकार तथा आचरण र व्यवहार इमानदारीपूर्वक निर्वाह नगर्दा यो खराब र बद्नाम हुँदै गएको देखिन्छ ।

निजामती प्रशासन बद्नाम बन्दै जानुको दोस्रो कारण राजनीतिक दबाब, प्रभाव र हस्तक्षेप तथा दलैपिच्छेको युनियनको व्यवस्था हुनु हो । निजामती प्रशासन जति स्वच्छ, स्वतन्त्र, निष्पक्ष, तटस्थ, जवाफदेही, अनुशासित र मर्यादित हुन्छ, त्यति यसले गुणात्मक रूपको सेवा र कार्य गर्न सक्छ । यसलाई राजनीतिबाट धेरै टाढा राख्नुपर्छ । निजामती प्रशासनको स्वभाव, चरित्र र विशेषता राजनीति दलसँग आवद्ध हुनु होइन । नेपालका सबै राजनीतिक दलहरूको व्यवस्था र अवस्था यति अव्यवस्थित र अनुशासनहिन छ कि यसले राजनीतिक दललाई न व्यवस्थित रूपमा सञ्चालन गर्न सकेको छ र न आन्तरिक लोकतन्त्र छ । राजनीतिक दलका गैरकानुनी क्रियाकलापले राजनीतिक दलको साख र इज्जत पनि बढाउन सकेका देखिँदैन ।

राजनीतिक दवाव र हस्तक्षेपले हर क्षेत्रलाई बिगार्ने काम मात्रै गरेको देखिन्छ । यसले निजामती सेवा, समग्र शिक्षा सेवा, स्वास्थ्य सेवा, सुरक्षा निकाय र न्याय-प्रशासनलाई पनि ध्वस्त बनाइसकेको अवस्था छ । विश्व विद्यालय र माध्यमिकस्तरको परीक्षाको नतिजा हेर्दा कतै सन्तोष लिने अवस्था छैन । राजनीति गर्नेहरूलाई कर्मचारी बनाएर अपेक्षित प्रतिफल र परिणाम आउँदैन भन्ने कुरा सबैले जाने बुझेकै हो । कुनै सेवाका कर्मचारीले पनि आफनो योग्यता, दक्षता र विवेकको आधारमा निर्णय गर्न नसक्ने अवस्था सिर्जना भएको छ । कुन सेवा र कार्यालयको सेवा र गुणस्तर राम्रो छ भनी दिउँसै लाल्टिन बालेर खोज्नुपर्ने अवस्था छ ।

आज सार्वजनिक, निजी, सहकारी सबै क्षेत्र दलैपिच्छे विभाजित र आन्दोलित छ । एउटा पार्टीका नेतालाई रीस उठ्नासाथ कार्यालयमा ताला लगाइदिने चलन छ । फोहोर व्यवस्थापन गर्न नदिने काम राजनीतिक दलका नेता कार्यकर्ताबाटै भएको देखिन्छ । आफूले भनेको भएन भने संसद्को कारबाही महिनौँसम्म बन्द गर्ने गरिन्छ । यी सबै काम देश बनाउने उद्देश्यले गरिएका होइनन् ।

निजी क्षेत्र पनि दलै पिच्छे विभाजित छ । दल राज्यको आन्तरिक सुरक्षा नीति, बाह्य सम्बन्ध नीति, नागरिकता नीति, देश विकासको नीति, पर्यटन नीति एउटै हुनुपर्ने हो । दलैपिच्छे फरक फरक नीति छन् । सत्तामा बस्दा एउटा नीति विपक्षीमा बस्दा अर्को नीति हुन्छ । आन्तरिक वातावरण पनि शान्त र स्थिर छैन भने वाह्य वातावरणले शान्ति क्षेत्र नेपाललाई द्वन्द्वको भूँमरीमा लाँदैछ । दलका नेताहरू कोही उत्तर फर्केका छन् त कोही दक्षिण र कोही पूर्व र पश्चिम फर्केका छन् । यो अवस्थामा राष्ट्रिय एकता कहाँ हुन्छ ? यस्तो अवस्थामा उद्योग व्यवसाय, कलकारखाना र कृषि, पर्यटन र समग्र क्षेत्र कसरी फस्टाउँछ ? सरकारी र निजी क्षेत्रका वित्तीय संस्थाहरूको कामको अनुगमन र मूल्यांकन गर्ने गरिमामय संस्था नेपाल राष्ट्र बैंकको गभर्नर एउटा दलको सदस्य भएर बस्न कसरी सकेको होला ? इमानदारी र नैतिकताको कुरा कहाँ गयो होला ?

नेपाल राष्ट्र बैंकमा मात्रै यस्तो समस्या नभएर सबै क्षेत्रमा यो समस्या छ । हर संवैधानिक अंगमा त्यही अवस्था छ । संवैधानिक अंग त राज्य र शासन प्रणालीका संवर्द्धक र संरक्षक हुनुपर्ने हो । तर नेपालमा तिनलाई दलको अंग बनाइएको छ । दलको इसारामा काम गर्नेलाई कसरी संवैधानिक अंग मान्ने भन्ने प्रश्न उठेको छ ।

राजनीतिक संलग्नताका आधारमा तिनलाई नियुक्त गरिनु नै प्रणालीलाई दह्रो र सशक्त नबनाउनु हो । सबै पार्टीका नेताहरू प्रणालीलाई दह्रो र मजबुत बनाउन भन्दा पार्टी र व्यक्तिलाई सशक्त र दह्रो बनाउन लागेका छन् । प्रणालीलाई सशक्त, मजबुत र दह्रो बनाउँदा नेताहरूले भनेको कसैले सुन्दैन । त्यस अवस्थामा आफू कमजोर भइन्छ भनेर उनीहरू जहाँ पनि आफ्ना आसेपासेलाई भर्ना गरेर दलगत स्वार्थ लिइरहेका छन् । तर देश र जनताको हालत दिन दिनै खस्कैदै गएको छ । श्रीलंकाको राजनीतिक नेतृत्व त्यही कुरा गरेकाले आज श्रीलंका टाट पल्टन गएको हो । छिटै नसुएिर नेपाल पनि ढिलो चाँडो श्रीलंकापथमै जान्छ भन्नु अतिशयोक्ति नहोला । टाट पल्टिन लागेको देशले धेरै ठाँट देखाउनु राम्रो होइन ।

निजामती सेवा स्थायी सरकार हो । सरकारले बनाएको नीति, योजना, कार्यक्रम र बजेटको इमान्दारीपूर्वक कार्यान्वयन गरी देशमा सुशासन अभिवृद्धि गर्ने मुख्य अंग नै निजामती प्रशासन हो । यसलाई सुदृढ, सशक्त, निष्पक्ष, स्वच्छ, इमानदार र जवाफदेही बनाउन सके मात्रै लोकतान्त्रिक शासन व्यवस्था, राजनीतिक सरकार र संविधानको रक्षा र सुदृढीकरण हुन सक्छ ।

यो शासन व्यवस्थालाई सुदृढ, दिगो र स्थिर बनाउन राजनीतिक नेतृत्वले लिएका नीति, कार्यक्रम र बजेट जनताको घर दैलोसम्म पुऱ्याउनुपर्छ । त्यो सेवा सुविधा र कार्यक्रम लिएर जाने बलियो माध्यम निजामती प्रशासन नै हो । यो कुरा नेपालको राजनीतिक नेतृत्वले बुझ्ने चेष्टा गरेन भने मुलक र जनताले ठूलै संकटको सामना गर्नुपर्ने स्थिति आउन सक्छ । आजको आवश्यकता भनेको निजामती प्रशासन लगायत सबै क्षेत्रलाई राजनीतिबाट धेरै टाढा राख्न र व्यावसायिक, दक्ष, र प्रभावकारी बनाउन जरुरी छ । राजनीतिक नेतृत्वले यो कुरा बुझ्न जरुरी छ ।

*-साभार: इकागज*

# उमेरले छ दशक, संगीतमा जवानीकै जोस



रामपुर (पाल्पा), ३ असोज (रासस)/ सारङ्गी, मादल, हार्मोनियम, मुर्चुङ्गालगायत दर्जन बढी वाद्यवादनका सामानले कोठा भरिएका छन्, घर वरपरको वातावरण बिहान होस् या दिउँसो, साँझ संगीतले गुञ्जयमान छ ।

सडक नजिकै जोडिएको घर, बाटो हिँड्ने यात्री एकछिन अडिएर मीठो संगीतको धुन सुनेर आफ्नो गन्तव्यमा पाइला बढाउँछन् । संगीतको तालमा आफ्नो जीवनको समय उत्तरार्द्धमा पुगेको अझै पत्तो छैन, टीकाराम ढकाललाई । उमेर गन्ती गर्दा उनी ठ्याक्कै ६१ वर्षमा पुगे तर संगीतले १६ वर्षे जवानीको जोशिलो पारामा संगीतको तालमा डुबुल्कु मार्छन् ।

पाल्पाको रामपुर नगर पालिका-६ स्थित प्याक्लुका उनको दैनिकी वाद्यवादनमा बित्ने गरेको छ । कोठामा सजाएर राखिएका थरिथरिका बाजा बजाएर जीवन व्यतीत गरिहेको छ । "उमेरले छ दशक नाघिसकेछ तर संगीतले १६ वर्षे ठिटो छुजस्तो बनायो, बाजा बजाउन भनेपछि मनभित्रै देखि नै निकै जोशिलोपन बढेर आउँछ, बुढयौली टेकेजस्तो लाग्दैन", उनले भने, "संगीतमा र माएर बाँच्ने नै मेरो संकल्प हो त्यसरी नै बाँचिरहेको छु,, एउटा नशाजस्तै बनेको छ ।"

घरमा बुबाबाट बाँसुरी बजाउने प्रेरणा पाएपछि १३ वर्षको उमेरदेखि नै वाद्यवादनमा लागेका ढकालले १७ थरिका बाजा बजाउछन् । आफूले बजाउने सबै बाजा घरमा किनेर राखेको छ । बाँसुरी, खैजडी, मुजुरा, मादल, माउथ हार्मोनियम, हार्मोनियम, किबोर्ड, अक्टोप्याड, मुर्चुङ्गा, पात, छ्याइछ्याइ, सहनाई, ठूलो झ्याली, शङ्ख, डमरु, सारङ्गी, मोहोलीलगायतका बाजा बजाउन सिपालु छन् ।

बिहान उठेदेखि नै साँझसम्म बाजासँगै दैनिकी बितेको छ । करिब तीन लाख बढीका वाद्यवादनका सामग्री खरिद गरेको छ । नयाँ बाजा देख्ने बित्तिकै झिकाउने र घरमा आफैले सिक्ने गर्छन् । उनले पुराना बाजा मात्रै नभई बजारमा आएका आधुनिक खालका बाजा पनि मज्जाले बजाउने गर्छन् । लोपोन्मुख अवस्थामा रहेको पुरानो बाजा मोहोली र मुर्चङ्गा घरको दराजमा संरक्षण गरेर राखेको छ । विशेष गरी बाँसुरी, खैजडी, मुजुरा, हार्मोनियम, सारङ्गी, अक्टोपसलगायतका बाजा बढी बजाउन मन पराउछन् ।

"औपचारिकरुपमा कला संस्कृति सिक्ने चाहना थियो तर त्यस समयमा वातावरण बनेन, राष्ट्रियस्तर सम्म पुगेको भए एक खालको राष्ट्रिय कलाकारको उपाधि बन्थ्यो, तै पनि स्थानीयस्तरमा नै वाद्यवादनमा भिजेको छु, यसमै सन्तुष्टि मिलेको छ, मेरो कलालाई राष्ट्रियस्तरका कलाकारले पनि चिनेर घरमा बेला-बेलामा आउने गर्नुहुन्छ ।"

मानिसका जीवनका दुःख र पीडालाई भुल्न संगीत अतिआवश्यक रहेको उनी बताउछन् । ब्लड क्यान्सर रोगले ग्रसित उनी नियमित उपचारसँगै घरमै वाद्यवादन कार्यमा रहँदा रोगको पीडा नै भुल्दै गएको अनुभव सुनाए । करिब १६ वर्ष अघि क्यान्सर रोगले आक्रमण गरेपछि नेपाल तथा भारतका विभिन्न अस्पतालमा नियमित उपचार गरेपछि अहिले दुई वर्षयता भने रोग निको हुँदै जाँदा उपचारमा अस्पताल कम धाउनुपरेको छ ।

करिब १४ वर्षसम्म रोगसँग जुध्नुभएका ढकालले घरको कोठामा बसेर दिनभर विभिन्न थरिका बाजा बजाउने गर्दा आफ्नो शरीरको करिब २५ प्रतिशत रोग निको हुँदै गएको अनुभूति सुनाए । सरकारले संगीतलाई संरक्षण गरिनुपर्नेछ, जसले गर्दा यस क्षेत्रमा लाग्न सबैलाई प्रेरणा मिल्नेछ । मेरो शरीरको रोग निवारण गर्ने एक चिज संगीत हो, संगीतमा भुलेपछि सबै कुरा बिर्सिर्दै गएको ढकालले बताए ।

उनी भन्छन्, "बाजा बजाउँदै गर्दा रोगको पीडा कम भएको महसुस भयो, जीवनलाई भुलाउने माध्यम भनेको संगीत रहेछ, जीवनको अन्तिम समयसम्म पनि यसरी नै वाद्यवादनमा नै रमाउनेछु, यसमै जीवन आनन्दमय व्यतीत भइरहेको छ ।"

रामपुर भजनकीर्तन मण्डलीका अध्यक्षसमेत रहनुभएका ढकालले संस्थालाई व्यवस्थित गरी यस क्षेत्रमा वाद्यवादनमा रुचि जगाउने र सिक्न चाहनेलाई संगीत सिकाउने लक्ष्यका साथ सामाजिक कार्यमा उनी सक्रिय भएर लागेको छ । अहिले यस क्षेत्रमा युवा उनकै कलाबाट प्रभावित भएर विभिन्न थरिका बाजा बजाउने र भजनकीर्तनमा सहभागी हुने गरेका छन् ।

संगीत अपार चिज हो, जतिसुकै मानिस पढेर विद्वान् भए पनि जीवन जिउने यो अति आवश्यक पर्ने उनको भनाइ छ । उनी समूहमा गाउँघरमा हुने धार्मिक तथा शुभकार्य, विभिन्न सभा समारोह, मेला महोत्सव, सांस्कृतिकलगायतका विभिन्न कार्यमा वाद्यवादनमा सरिक हुँदै आएको छ । पाल्पा, स्याङ्जा, तनहुँ, रुपन्देही, गुल्मी, कास्की, नवलपरासी, गोरखा, लमजुङ, बाग्लुङ, महेन्द्रनगर, सुर्खेत, काठमाडौँ, चितवनलगायतका विभिन्न जिल्लामा वाद्यवादनका निम्ति उनी पुगेको छ ।

पुराना मौलिक बाजा बजाउने कलाकारसँग नगरको कला संस्कृतिको विकासमा स्थानीय सरकारले छलफल तथा सुझाव माग गरेमा यस क्षेत्रको विकास हुने थियो तर कला संस्कृति संरक्षणमा नागरिकले अनुभूति हुने खालको काम नगरेकोमा भने उनी चिन्तित छन् । घरमा युवा वाद्यवादन सिक्न बेला-बेलामा आउने गरेकाले आफूमा भएको कला, संस्कृति नयाँ पुस्तालाई सिकाउने र हस्तान्तरण गर्ने उनको इच्छा छ ।

संगीत जीवन जिउने एउटा शक्ति मात्रै नभई यसको मीठो ध्वनिले पारिवारिक वातावरण र माइलो र खुसी बनाएको बताउछन्, उनका श्रीमती विष्णुमाया ढकाल ।

"मैले जाने बुझेदेखि नै वाद्यवादनमा बढी सौखिन हुनुहुन्छ, घरपरिवारको कुनै तनाव छैन, सबै जिम्मेवारी मैले सम्हालेको छु, उहाँको दैनिकी वाद्यवादनमा नै बितिरहेको छ", उनले भने ।

संगीतले धेरै मानिसलाई बाँच्ने प्रेरणा र दुःख पीडा भुल्न सिकाउँछ । संगीतको शक्ति एउटा आवाज, भाषा वा बोलीजस्तै हो । यसमा इमोसन र भावना हुन्छ । संगीतको स्केल, धुन, पद्धति, शैली निकै बेग्लै हुन्छ, जसलाई महसुस गर्न सकिन्छ, शब्दमा भन्न सकिँदैन । अद्भूत आनन्दमय हुन्छ साङ्गीतिक संसार ।

संगीतले क्षणिक मनोरञ्जन दिनेमात्र होइन यसले चिरस्थायीरुपमा आनन्द समेत दिन्छ । आत्मसुखको मूल स्रोत नै संगीत हो । भक्तिमार्गको अभिन्न अङ्ग नै संगीत हो । मान्छेले मात्र संगीतमा आत्मसुख पाउँदैनन् । पशुपन्छीलाई समेत मोहित पार्ने खुबी संगीतमा छ ।

# बलिउड सिनेमा 'उचाइ'को नयाँ पोस्टरमा नेपाली हिमाल



काठमाडौँ/ बलिउड सिनेमा 'उचाइ'को नयाँ पोस्टर सार्वजनिक भएको छ । रिलिज डेट नजिकिँदै गर्दा निर्माण पक्षले चलचित्रको नयाँ पोस्टर सार्वजनिक गरेको हो । पोस्टरमा चलचित्रका मुख्य तीन कलाकार फिचर्ड छन् । सार्वजनिक पोस्टरमा अमिताभ, बोमन र अनुपम देखिन्छन् । जसको पृष्ठभूमीमा हिमाल देखिन्छ ।

'उचाइ'को केही प्रतिशत छायांकन नेपालको हिमालय क्षेत्रमा गरिएको छ । जुन पोष्टरले पनि स्पष्ट पारेको छ ।

तीन आत्मीय साथीको कथा भन्ने यो चलचित्र नोभेम्बर ११ मा रिलिज हुँदै छ ।

# वार्षिक दुई करोडको लप्सी बाहिरिने

चौतारा, ३ असोज (रासस)/ पछिल्लो केही वर्षयता सिन्धुपाल्चोकमा लप्सीजन्य व्यवसाय फस्टाउँदै गएको छ ।

जिल्लाका विभिन्न भागमा सञ्चालन गरिएका लप्सीजन्य उद्योगले विभिन्न किसिमको परिकार उत्पादन गरिरहेका छन् । जिल्लाको ठूलो सिरुबारी, ईर्खु, मार्मिङ, ठोकर्पा, कालिका, मेलम्ची, ज्यामिरे, शिखरपुर, कुन्चोक र नवलपुरमा लप्सीजन्य वस्तु उत्पादनका घरेलु व्यवसाय सञ्चालन भइरहेको छ ।

यी उद्योगले क्यान्डी, अचार, तितौरा, झोलपाउँ, पातपाउँ, लप्सी पाउडर, मःम सुप, छोएला पाउँजस्ता वस्तु उत्पादन गर्दै आइरहेको सिन्धु विकास केन्द्र (सिडेक)का अध्यक्ष राजकुमार भण्डारी बताउछन् ।

जिल्लाको २७० हेक्टर जमिनमा दुई हजार एक सय मेट्रिकटन लप्सी साविकका ४७ गाविसबाट उत्पादन हुने गरेको छ । उत्पादित लप्सीमध्ये छ लाख केजी जिल्लामा सञ्चालित उद्योगले नै प्रशोधन गरी विभिन्न किसिमका परिकार बनाउने गरेको उक्त केन्द्रको तथ्याङ्कमा उल्लेख छ । केन्द्रका अनुसार जिल्लाबाट प्रत्येक वर्ष दुई करोड ५२ लाखको लप्सी बाहिरिने गरेको छ ।

जिल्लामा खपत हुन नसकेको लप्सी काभ्रेको साँगा भञ्ज्याङका साथै राजधानीका विभिन्न ठाउँमा बिक्री वितरण गरिँदै आएको सिडेकले जनाएको छ । विसं २०६५ देखि ईर्खुमा सिन्धु लप्सी उद्योग सञ्चालन गरिरहेका जीतबहादुर गिरीले वार्षिक तीन लाखको कारोबार गर्दै आएको बताएको छ । थोरै लगानीमा पनि सञ्चालन गर्न सकिने यो व्यवसायमा लागेपछि आर्थिक अवस्थामा सुधार आएको र यो व्यवसायबाट सन्तुष्टि मिलेको उनको भनाइ छ । ठूलो सिरुवारीको सिन्धु लप्सी तथा अदुवा प्रशोधन केन्द्रले वार्षिक आँठदेखि १० लाख बराबरको लप्सीजन्य परिकार उत्पादन गर्दै आइरहेको केन्द्रका सहयोगी देवीप्रसाद दुलाल बताउछन् ।

उनका अनुसार यसको बजार राम्रो भएकाले अब वृहतरुपमा लैजाने केन्द्रको कार्यक्रम छ । लप्सीजन्य वस्तु उत्पादनले रोजगारीको अवसर जुट्नुका साथै आम्दानीको गतिलो माध्ययम भएपछि मेलचौर, साँगाचोक, ज्यामिरे र शिखरपुरमा व्यवसायीकरुपमै यसको खेती गरिएको लघु उद्यमीसंघका उपाध्यक्ष दोकदोक तामाङ जानकारी दिन्छन् ।

यसबाट हाल तीन सय ३० जनाले रोजगारीको अवसर पाइरहेको र समयानुकूल व्यवसायलाई विस्तार गरी दुई हजार जनालाई रोजगारीको अवसर दिलाउने कार्यक्रम रहेको उनी उल्लेख गर्छन् ।

# बजेट अभावमा रोकियो दुर्लभ सालक अनुसन्धान

काभ्रेपलाञ्चोक, ३ असोज (रासस)/ विश्वमै दुर्लभ तथा संरक्षित स्तनधारी जंगली जनावर सालकको अनुसन्धान बजेट अभावमा तीन वर्षदेखि रोकिएको छ ।

बागमती प्रदेशस्थित वन, पर्यटन तथा वातावरण मन्त्रालयबाट सालक अनुसन्धानमा वर्षेनी विनियोजन हुने रकम रोकिएका कारण काभ्रेपलाञ्चोकमा सालकको बासस्थान अनुसन्धान तथा संरक्षण अभियान यस वर्ष पनि रोकिने भएको हो ।

संरक्षण अभियान अन्तर्गत डिभिजन वन कार्यालय धुलिखेलले तीन वर्षअघि सालकको बासस्थान व्यवस्थापन तथा संरक्षण गर्न सम्भावित क्षेत्रमा चेतनामूलक कार्यक्रम सञ्चालन गरेको थियो । कार्यालयका अनुसार प्रदेश सरकारले २०७४/०७५ मा पाँच लाख तथा त्यसपछिको आर्थिक वर्षमा दुई लाख पठाएको थियो ।

प्रदेश सरकारबाट तीन वर्षदेखि बजेट नआउँदा सालकको थप अनुसन्धान तथा संरक्षणसम्बन्धी चेतनामूलक अभियान रोकिएको कार्यालयका सूचना अधिकारी गौरव भट्टले बताए ।

उनका अनुसार कृषि उत्पादनमासमेत निकै गुणकारी नेपालमा रहेको स्तनधारी जनावर मध्ये लोपोन्मुख जातिभित्र पर्ने सालकको अनुसन्धान/संरक्षण अत्यावश्यक देखिन्छ । "समग्र बन्यजन्तु सुरक्षाका विषयमा छलफल हुन्छन्, अनौपचारिक रुपमा सालकबारे छलफल भए पनि अनुसन्धान तथा संरक्षणबारे योजना बनेको छैन", उनले भने ।

अभियानकै क्रममा सालकको उपयुक्त बासस्थान भएको स्थानीय क्षेत्रमा सालक 'गुणी' जनावर भएको जानकारी पाएपछि यसको संरक्षणमा पनि निकै उत्साहित पनि देखिएका थिए ।

अभियानताका जिल्लाको कुन कुन क्षेत्रमा सालक पाइन्छ भन्नेबारे कार्यालयले स्थानीय तहको समन्वयमा कार्यक्रम विस्तार गर्दै जाने योजनासमेत बनाएको थियो ।

विसं ०७८ असारमा पनौती नगरपालिका-८ पालपाली गाउँमा एउटा सालक भेटिएको थियो । राति ९ बजे स्थानीयको घरको आँगनमा भेटिएको उक्त सालक प्रहरी र वन कार्यालयका कर्मचारीद्वारा मल्पीस्थित सामुदायिक वनमै छाडिएको थियो । पनौतीमा भेटिएको उक्त वयस्क 'चाइनिज पेङ्गोलिन' थियो । नेपालमा भेटिने गरेका अधिकांश 'चाइनिज पेङ्गोलिन'नै रहेका छन् ।

सालकको उपयुक्त बासस्थान मानिएको काभ्रेपलाञ्चोकको महाभारत पर्वत शृङ्खलासँग जोडिएको क्षेत्र बल्थली र पाँचखाल नगरमा तीन वर्षअघि पहिलो चरणको चेतनामूलक कार्यक्रम गरिएको थियो ।

जिल्लाको अधिकांश सामुदायिक वनमा सालकको सुरक्षित बासस्थान भएकाले सालकको मासु तथा छाला (खपटा) तस्करी रोक्न स्थानीयस्तरमा चेतनामूलक कार्यक्रम आवश्यकता देखिएको छ ।

कार्यालय प्रमुख देवीचन्द्र पोखरेलले सालक मानिसका लागि उपयुक्त जनावर भएको बताए ।

उनका अनुसार सालकले बालीका कमिला र धमिरा खान्छ, पर्यावणलाई जोगाउन मद्दत पुऱ्याउँछ, मानिसलाई भने आक्रमण गर्दैन । सालकमा १५ सेन्टिमिटर टाढाका किरा स्वासले तानेर खानसक्ने क्षमता हुन्छ भने केही खतरा महसुस हुनासाथ डल्लो परेर बस्ने गर्दछ ।

पनौतीको बल्थलीस्थित समुदायमा आधारित चोरी-शिकारी नियन्त्रण एकाइका अनुसार स्थानीय आठ वटा सामुदायिक वनमा अध्ययन गर्दा सालकको पूरानाभन्दा नयाँ प्वालको संख्या कमी देखिँदा सालक लोप हुने अवस्थामा रहेको छ । एकाइले स्थानीय दुई सय पचास स्कुले विद्यार्थीलाई यससम्बन्धी जनचेतना कार्यक्रम गराएको छ एकाइकै पहलमा काठमाडौँ विश्वविद्यालयका विद्यार्थीले पनि उक्त क्षेत्रमा सालकको अनुसन्धान गरेका थिए । एकाइले सालक तस्करीविरुद्ध विशेष निगरानी गर्दै आएको छ ।

दुर्लभ सालक जिल्लामा कति छ भन्ने कुनै स्पष्ट तथ्याङ्क नभए पनि कालो सालक काभ्रेपलाञ्चोकको खोपासी, उग्रतारा जनागाल, महादेवस्थान, नारायणस्थान, डराउनेपोखरी, पाँचखाल, ज्याम्दी, ढुङ्खर्क तथा पाँचखाल क्षेत्रका सामुदायिक वनमा सुरक्षित बासस्थान रहेको उसको बासस्थानबाट देखिएको अनुसन्धानबाट खुलेको छ ।

संरक्षित जनावरमध्येको नेपालमा पाइने कालो सालकको वनमा रहेको प्राकृतिक बासस्थान सुरक्षित नभए केही वर्षमा लोप हुनसक्ने अवस्था देखिएको अनुसन्धानकर्ता प्रतिभा कसपाल बताउछन् ।

विश्वभर एसिया र अफ्रिकामा आठ प्रजातिका सालक पाइन्छन्, त्यसमध्ये चार प्रजातीका सालक एसियामा मात्रै पाइन्छ । एसियामा पाइने चार प्रजातिका सालकमध्ये नेपालमा तामे र कालो सालक रहेका छन् ।

सालकको मासु र छाला (खपटा) चिनियाँ बजारमा माग हुने गरेका कारण नेपालबाट यसको तस्करी हुनेगरेको घटनाक्रमले देखाएको छ । वन संरक्षण ऐन अनुसार सालक तस्करीमा पाँचदेखि १५ वर्षसम्म कैद, पाँचदेखि १० लाखसम्म जरिवाना तथा दुवै सजाय हुनसक्ने व्यवस्था छ ।

अध्ययन प्रतिवेदनअनुसार एउटा वयस्क सालकले एक वर्षमा सात करोड कमिला तथा धमिरा खाने गर्दछ ।

प्वाल बनाएर जमिनमुनि बस्ने लजालु स्वभावको जनावर सालक विशेष गरी रातको समयमा मात्रै बाहिर निस्कने गर्दछ । यसको प्राकृतिक प्रजनन पनि अत्यन्त कम भएकाले विश्वमै दुर्लभ मानिएको सालकको संरक्षणले जैविक विविधतामा सहयोग गरिरहेको छ ।

# संविधान दिवसका अवसरमा नौ सय ९८ जनालाई विभूषण



काठमाडौँ, ३ असोज (रासस)/ राष्ट्रपति विद्यादेवी भण्डारीले नेपाल सरकार, मन्त्रिपरिषद्को सिफारिसमा संविधान दिवस, २०७९ तथा राष्ट्रिय दिवसका अवसरमा नौ सय ९८ जनालाई विभिन्न मानपदवी, अलङ्कार र पदकबाट विभूषित गर्ने घोषणा गरेको छ ।

नेपालको संविधानको धारा २७७ को उपधारा (१) बमोजिम २०७९ भदौ ३१ गतेको मन्त्रिपरिषद्को बैठकको निर्णय र सिफारिसमा विभूषण प्राप्त गर्नुहुने व्यक्तित्वको नामावली सार्वजानिक गरिएको हो ।

राष्ट्रपतिको कार्यालयका प्रवक्ता सागर आचार्यले सोमबार विज्ञप्ति जारी गरेर मानपदवीतर्फ नेपाल रत्न ए १, राष्ट्र गौरव तीन, सुप्रसिद्ध प्रबल नसेवाश्री एक, प्रसिद्ध प्रबल जनसेवाश्री १४, सुकीर्तिमय राष्ट्रदीप १७, सुप्रबल जनसेवाश्री एक सय ६५, कीर्तिमय राष्ट्रदीप छ, प्रबल जनसेवाश्री तीन सय २२, राष्ट्रदीप दुई, जनसेवाश्री दुई सय सातलाई विभूषण हुने जनाएको छ ।

यस्तै अलङ्कारतर्फ राष्ट्र यशोवर्द्धक १०, परम पौरख भास्कर दुई, नेपाल प्रताप सुभूषण ३८, नेपाल सेवा प्रवीण २३, अतिपौरख भाष्कर आठ, नेपाल प्रताप आभूषण १९, समाजसेवा रत्न ३८, महापौरख भाष्कर १८ र नेपाल प्रताप भूषण २३ जनालाई प्रदान गरिनेछ ।

पदकतर्फ राष्ट्रसेवा पदक प्रथम श्रेणी छ, शिक्षाज्योति पदक १८, सगरमाथा पदक १३, सुकीर्ति पदक १२, वीरता पदक आठ, सौर्य पदक एक, प्राकृतिक प्रकोप पीडितोद्धार पदक सात, विकास रत्न पदक १६ जनालाई दिने घोषणा गरिएको छ ।

# १५ हजारले लिए अग्रिम टिकट

काठमाडौँ, ३ असोज (रासस)/ दसैं, तिहार तथा छठ पर्व मनाउन घर जानका लागि नयाँ बसपार्कबाट १५ हजार यात्रुले अग्रिम बस टिकट लिएका छन् ।

यही असोज १ गतेदेखि टिकट बुकिङ खुला गरिएकामा नयाँ बसपार्कबाट मात्र दुई दिनमा १५ हजार यात्रुले अग्रिम टिकट लिएका हुन् । यातायात व्यवस्था विभाग, काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालय र नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका प्रतिनिधिबीच गत भदौ २२ गतेको निर्णयअनुसार यही असोज १ गतेदेखि लामो दूरीका सवारी साधनका लागि अग्रिम टिकट बुकिङ खुला गरिएको हो ।

नयाँ बसपार्क सञ्चालनको जिम्मा लिएको ल्होत्से बहुउद्देश्यीय प्रालिका मानव संशाधन प्रमुख पङ्कज मल्लले दुई दिनमा १५ हजार यात्रुले अग्रिम टिकट लिएको जानकारी दिनुभयो । जसमध्ये असोज १ गते शनिबार सात हजार र असोज २ गते आइतबार आठ हजार यात्रुले अग्रिम टिकट लिएका हुन् ।

सरकारले पश्चिमको दार्चुला, धनगढी, टीकापुर, बझाङ, बाजुरा, प्युठान, रुकुम, रोल्पालगायतका स्थान तथा पूर्वको काँकडभिट्टा, भद्रपुर, तेह्रथुम, खाँदबारी, ताप्लेजुङ, भोजपुर, इलाम, पशुपतिनगर धरान विराटनगरलगायतका स्थानमा जाने यात्रुलाई अग्रिम टिकट दिन सुरु गरेको हो । पृथ्वी राजमार्गअन्तर्गत गोरखा, पोखरा, लमजुङ, बागलुङ, म्याग्दी, स्याङ्जा, नुवाकोट, रसुवालगायतका छोटो दूरीमा जाने सवारी साधनको पनि अग्रिम टिकट बुकिङ चाँडो खुला गरिने पृथ्वी राजमार्ग बस सञ्चालक कम्पनीका काठमाडौँ प्रमुख रमेश खत्रीले जानकारी दिए । लामो दूरीमा जाने यात्रुका लागि टिकट बिहान ७ बजेदेखि साँझ ६ बजेसम्म वितरण गर्ने गरिएको छ ।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका अध्यक्ष विजयबहादुर स्वाँरले दसैं मान्न घर जाने यात्रुलाई ध्यानमा राखेर यातायातको राम्रो व्यवस्था मिलाएको बताए । दसैंमा २० लाखभन्दा बढी यात्रु प्रत्येक वर्ष उपत्यकाबाट बाहिरिने गरेका छन् ।

काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालय र यातायात व्यवस्था विभागले चाडपर्वलाई लक्षित गरेर राजधानीका विभिन्न १४ स्थानमा यात्रु सहायता कक्ष स्थापना गर्ने भएको छ ।

महाशाखाले विभागको सहकार्यमा राजधानीको नागढुङ्गा, कलङ्की, स्वयम्भू, माछापोखरी, नयाँ बसपार्क, चाबहिल, गौशाला, कोटेश्वर, जगाती, सातदोबाटो, बल्खु, दक्षिणकाली, सुन्धारा र पुरानो बसपार्कमा यात्रु सहायता कक्ष राखिनेछ ।

कार्यालयका प्रवक्ता, प्रहरी वरिष्ठ उपरीक्षक राजेन्द्रप्रसाद भट्टले यात्रु सहायता कक्षमार्फत राजधानीबाट विभिन्न गन्तव्य स्थलसम्म जान लाग्ने भाडादर र यात्रुलाई गन्तव्यस्थलसम्म सहजै जानका लागि आवश्यक समन्वय गर्ने बताए ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

**हेटौंडा बचत तथा ऋण सहकारी संस्था लि.**
हेटौंडा-७, मकवानपुर

**सूची दर्ता गर्ने सम्बन्धी सूचना**

यस सहकारीको केन्द्रीय कार्यालयलगायत सेवाकेन्द्रहरुलाई आ.व ०७९/८० मा आवश्यक पर्ने देहायका बस्तु तथा सेवाहरु उपलब्ध गराउने प्रयोजनका लागि सम्बन्धित बस्तु तथा सेवाको कारोबार गर्ने फर्म कम्पनीहरुको सुचि तयार गराउनु पर्ने भएकोले इजाजत प्राप्त इच्छुक रजिष्टर्ड फर्महरुलाई आफूले उपलब्ध गराउने बस्तु तथा सेवाको विवरणहरु दरभाउसमेत उल्लेख गरी तपशिलमा उल्लेखित कागजातहरु संलग्न गरी यो सूचना प्रकाशन भएको मितिले ०७ दिन (सात) दिनभित्र यस सहकारीको केन्द्रीय कार्यालयमा दर्ता गराउन आह्वान गरिन्छ ।

**सूचिकृत फर्म/कम्पनी मार्फत प्राप्त गरिने बस्तु तथा सेवाको विवरण**

**१. छपाई तथा मसलन्द**:
- चेक तथा चेक कभर, वार्षिक प्रतिवेदन पुस्तिका, ब्रोसर, क्यालेन्डर, टेबल क्यालेन्डर, शेयर प्रमाणपत्र, आवधिक बचत प्रमाणपत्र, सदस्यता फारम, सदस्यता पहिचान फारम, भर्पाइ, पासबुक, भुक्तानी पुर्जा, नोट ट्याग, दस्तखत प्रमाणिकरण कार्ड, डिपोजिट भौचर, पासबुक, ऋण माग फारम (धितो, जमानी), धितो मुल्यांकन फारम ।

**२. स्टेशनरी सामाग्री** :
- पेन (नर्मल, जेल, बल), पन्चिङ, स्केल, स्याम्प प्याड, फोटोकपी पेपर (७० तथा ७५ ग्राम), कन्टिन्यु पेपर, ग्लु स्टिक, क्लिप फाइल, इन्डेक्स फाइल, नेपाली रेकर्ड फाइल, स्ट्यापलर, कार्बन, स्ट्यापलर पिन, डायरी, हाइलाइटर, नोट बुक, क्यान्कुलेटर, रिङ फाइल, ।

**निवेदनको साथ संलग्न गर्नुपर्ने कागजातहरू**:
१. स्थायि लेखा नं दर्ता प्रमाणपत्र ।
२. करचुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
३. ठेगाना तथा सम्पर्क खन्ने कागजातहरु ।

रामशरण गौतम
**प्रबन्धक**

# संकलन तथा प्रशोधन केन्द्र बनेपछि कोदोको उत्पादन बढ्यो

साझाकुरा संवाददाता

हेटौंडा, ३ असोज/ रैथाने बाली प्रवर्द्धनका लागि मकवानपुरगढी गाउँपालिकाले कोदो संकलन तथा प्रशोधन केन्द्र निर्माणमा सहयोग गरेको छ ।

मकवानपुरगढी-४ कालिखोलामा रहेको अपाङ तथा विपन्न सहकारी संस्थाले गाउँपालिकाको लागत साझेदारीमा कोदो संकलन तथा प्रशोधन केन्द्र स्थापना गरेको छ । उक्त केन्द्रको गाउँपालिका अध्यक्ष दोर्जे लामा स्याङ्तानले उद्घाटन गरेका छन् । सहकारीका अध्यक्ष दिलबहादुर योञ्जनको सभाध्यक्षता तथा मकवानपुरगढी गाउँपालिकाका अध्यक्ष स्याङ्तानको प्रमुख आतिथ्यता र गाउँपालिकाकी उपाध्यक्ष मानकुमारी पाखिन (नेपाली)को उपस्थितिमा उद्घाटन कार्यक्रम गरिएको थियो । अध्यक्ष स्याङ्तानले विद्युतीय घट्टको स्वीच थिचेर घट्टबाट कोदो पिसेर उद्घाटन गरेका हुन् ।



कोदो पौष्टिक हिसाबले महत्वपूर्ण बाली भएको र यसको बजार माग क्रमश: वृद्धि हुँदै गइरहेकोले कृषकहरु कोदो उत्पादनमा लाग्नु पर्ने अध्यक्ष स्याङ्तानले बताए । सहकारीमार्फत कोदोको संकलन र पिठोलाई प्याकेजिङ गरी बजारीकरण गर्न गाउँपालिकाले सहयोग गर्ने उनको भनाई छ । उक्त कोदो संकलन तथा प्रशोधन केन्द्र निवर्तमान गाउँपालिका अध्यक्ष बिदुर हुमागाईको पहलमा निर्माण गरिएको थियो । कृषकहरु निरन्तर उत्पादनसँग जोडिनु पर्ने अभियान चलाएका हुमागाईले कोदो बालीको प्रवर्द्धनका लागि संकलन तथा प्रशोधन केन्द्र निर्माणमा प्राथमिकता दिएका थिए । विगत दुई आर्थिक वर्षदेखि सहकारी संस्थाले कोदो संकलन गर्दै आइरहेकोमा भवन अभावका कारण व्यवस्थित रुपमा कोदो संकलन तथा विविधिकरण गर्न सकेको थिएन् ।

सहकारीले कोदो संकलनको कार्य सुरुवात गरेपछि त्यस भेगका कृषकहरुलाई कोदो बिक्री गर्न सहज भएकोले विगतको वर्षहरुभन्दा कोदो खेती विस्तार भएको गाउँपालिकाका कृषि शाखा प्रमुख चन्द्रकान्त चौधरीले जानकारी दिए । गाउँपालिकाले स्थानीय तहमा कोदो, फापरलगायत खाद्यान्नको मूल्य निर्धारण गर्ने र सोही मूल्यमा सहकारी संस्थाले खरिद गर्दा गाउँपालिकाले सहकारीमार्फत प्रतिकेजी ४ रुपैयाँका दरले प्रोत्साहन अनुदान उपलब्ध गराउँदै आइरहेको चौधरीले बताए । प्रतीकेजी ४ रुपैयाँ मध्ये किसानले प्रतीकेजी २ रुपैयाँ र सहकारीले २ रुपैयाँ पाउने व्यवस्था गाउँपालिकाले गरेको छ ।

गतवर्ष वडा नम्बर ४ बाट मात्र १३ हजार ५ सय केजी कोदो संकलन गरिएकोमा यसवर्ष अन्य वडाहरुबाट समेत कोदोसँगै फापर पनि संकलन गरिने लक्ष्य रहेको सहकारीका अध्यक्ष दिलबहादुर योञ्जनले जानकारी दिए । कार्यक्रममा वडा नम्बर ४ का वडा अध्यक्ष अर्जुन प्रसाद तिमल्सिना, रुद्रबाटिका सामुदायिक स्वास्थ्य इकाईका प्रमुख लक्ष्मण दाहाल, कृषि प्राविधिक गोपाल लम्साल, सहकारी संस्थाका पदाधिकारीहरु, शेयर सदस्य तथा कृषकहरुको उपस्थिति थियो ।

## संविधान दिवसको अवसरमा हेटौडा-७ मा सरसफाई



साझाकुरा संवाददाता

हेटौंडा, ३ असोज/ संविधान दिवसको अवसरमा हेटौडा-७ मा सरसफाई गरिएको छ ।

स्थानीय धाप टोलबासीको सक्रियतामा सोमबार परेको संविधान दिवसको अवसरमा धाप टोलको बाटो सरसफाई गरिएको हो ।

आफनो टोल आफैं सर सफाई गरौं भन्ने उदेश्यले संविधान दिवसको अवसर पारेर सरसफाई गरिएको स्थानीयको भनाइ छ ।

सरसफाई कार्यक्रममा हेटौंडा-७ का वडाध्यक्ष दामोदर गौतम, वडा सदस्य श्याम सुन्दर परियारलगायत स्थानीयहरुको सहभागिता रहेको थियो ।

# ग्रामीण महिला सेवा केन्द्रमा नयाँ नेतृत्व

साझाकुरा संवाददाता

हेटौंडा, ३ असोज/ सहकारीको माध्यमबाट महिलाहरुको क्षमतासँगै नेतृत्व विकासमा विगत दुई दशकदेखि काम गर्दै आइरहेको ग्रामीण महिला सेवा केन्द्रको २१ औं साधारणसभा भएको छ ।

हेटौंडास्थित केन्द्रमा संस्थाले २१ औं साधारणसभा र ९ औं अधिवेशन गरेको हो । अधिवेशनबाट सुलोचना स्याङतान संस्थाको अध्यक्षमा निर्विरोध चयन भएकी छन् । यसअघि कोषाध्यक्ष रहेकी स्याङ्तानको नेतृत्वमा अधिवेशनले ९ सदस्यीय कार्य समिति सर्वसम्मतीमा चयन गरेको हो । उपाध्यक्षमा लक्ष्मी मोक्तान चयन भएकी छन् । उनी संस्थाकी पूर्वअध्यक्ष हुन् । संस्थाको सचिवमा अचला शर्मा र कोषाध्यक्षमा देवकी चौलागाई चयन भएकी छन् । सदस्यहरुमा सिता घलान, लक्ष्मी माया थिङ, सरिता सापकोटा, पञ्चमाया स्याङ्तान र एलिजा पुडासैनी चयन भएको संस्थाका कार्यक्रम संयोजक दिपक न्यौपानेले जानकारी दिए । लेखा समिति संयोजकमा मेनुकाकुमारी न्यौपाने चयन भइन् ।

जिल्ला समन्वय समितिका प्रमुख ललितबहादुर घलानको प्रमुख आतिथ्यता तथा संस्थाकी अध्यक्ष उर्मिला कार्कीको सभाध्यक्षतामा कार्यक्रम गरिएको हो । अध्यक्ष कार्कीले संस्थागत प्रतिवेदन, सचिव अचल शर्माले प्रगति प्रतिवेदन र कोषाध्यक्ष सुलोचना स्याङ्तानले आयव्यय प्रतिवेदन साधारणसभामा प्रस्तुत गरेका थिए । कार्यक्रमलाई सम्बोधन गर्दै जिसस प्रमुख घलानले महिलाहरुले नेतृत्व गरेको संस्था भनेर नूमनाका रुपमा ग्रामिण महिला विकास केन्द्रलाई देखाउन सकिने बताए ।

महिलाहरुले चलाएको संस्था संधै सफल भएको भन्दै ग्रामीण महिला सेवा केन्द्रले महिलाहरुको क्षमता अभिवृद्धि र नेतृत्व विकासमा ठूलो योगदान पुर्याएको उनले बताए । 'महिलाहरुले चलाएको संस्था संधै सफल हुँदो रहेछ । पुरुषहरु राजनीतिमा मात्रै मरिहत्ते गर्दा रहेछन् । महिलाहरुलाई ३३ प्रतिशत मात्रै दिँदा रहेछन्,' घलानले भने ।

गैरसरकारी संस्थाहरुकै कारण मुलुकमा सामाजिक रुपान्तरण भएको उनको भनाइ थियो । स्थानीय सरकारले गैरसरकारी निकायहरुसँग समन्वय नगरेको गुनासोपछि घलानले भने, 'सत्ता बाहिर बिद्रोही हुँदा रहेछन् । यस्तो गर्न पर्छ भनेर भन्छन् तर, त्यही मान्छे सत्तामा पुगेपछि दमन गर्दो रहेछ,'

ग्रामीण महिला सेवा केन्द्रकी संस्थापक अध्यक्ष तथा जिससकी निवर्तमान उपप्रमुख भगवति पुडासैनीले महिलाहरुले सञ्चालन गरेको संस्थालाई कार्य सञ्चालनमा अप्ठेरो पर्ने गरेको गुनासो गरिन् । उनले साँझमा जलपान गर्नेहरुले मात्रै 'सेटिङ' मिलाएर कार्यक्रम गरेको भन्दै महिलाहरुले चलाएको संस्थालाई आश्वास मात्रै दिने गरेको बताइन् । 'बेलुका बोलाएर खुवाउन पर्ने रहेछ । हामी महिलाहरुलाई गाह्रो हुँदो रहेछ । आइएनजीओहरु कति राम्रो संस्था ? तपाईहरुलाई कार्यक्रम दिन्छौं भन्छन् तर, कार्यक्रम अन्तै दिन्छन्,' उनले भनिन् । राजनीति पनि त्यस्तै भएको भन्दै पुडासैनीले बेलुका जलपान गर्नेहरुले नै पद र प्रतिष्ठामा अबसर पाइरहेको कटाक्ष गरिन् ।

पुडासैनीले स्थानीय सरकार र ग्रामीण महिला सेवा केन्द्र एउटा रथको दुई पांग्रा भएर हिँड्न चाहेको बताइन् । केन्द्रले महिला तथा बालबालिकाको क्षेत्रमा सरकारलाई नै सहयोग गरेर अघि बढ्ने विश्वास दिलाइन् । संस्थाकी उपाध्यक्ष मेनुका घिमिरेले स्वागत मन्तव्य राखेको कार्यक्रममा हेटौंडा-५ की वडा सदस्य रञ्जिता सिलवाल, केन्द्रकी पूर्वअध्यक्ष शर्मिला श्रेष्ठ, निवर्तमान अध्यक्ष लक्ष्मी मोक्तान, संस्थाका कार्यक्रम संयोजक दिपक न्यौपाने, गैसस महासंघ मकवानपुरकी उपाध्यक्ष रमिला सापकोटालगायतले आफ्नो धारणा राखेका थिए ।

# श्रेष्ठ र अधिकारीलाई प्रवल जनसेवा श्रीपदक

साझाकुरा संवाददाता

हेटौंडा, ३ असोज/ हेटौंडाका व्यवसायी तथा समाजसेवी सिद्धिलाल श्रेष्ठ प्रवल जनसेवा श्रीपदकद्धारा विभुषित हुने भएका छन् ।

राष्ट्रपति विद्यादेवी भण्डारीले ९ सय ९८ जनालाई विभिन्न मानपदवी, अलंकार र पदकद्धारा विभूषित गर्ने घोषणा गरेकामध्ये हेटौंडाका श्रेष्ठपनि परेका हुन् । श्रेष्ठ लामो समयदेखि हेटौंडा सामुदायिक आँखा अस्पतालको नेतृत्वदायी भूमिका छन् । उनले सामुदायिक आँखा अस्पतालको विकास र विस्तारमा योगदान दिनुका साथै सयौं मोतियाबिन्दु भएका बिरामीहरुलाई दृष्टि दिने अभियानमा सरिक छन् । संविधान दिवसको अवसर पारेर सरकारले हरेक वर्ष विभिन्न क्षेत्रमा योगदान पुर्याएकाहरुलाई पदकबाट सम्मान व्यक्त गर्दै आएको छ । जसअनुसार मंगलबार विभूषित हुनेहरुको नामावली सार्वजनिक भएको थियो । राष्ट्रपति विद्यादेवी भण्डारीद्धारा प्रवल जनसेवा श्रीपदकद्धारा श्रेष्ठ विभुषित हुने भएका हुन् । श्रेष्ठसँगै हेटौंडाका पत्रकार तिलक अधिकारी पनि नेपाल सरकारबाट जनसेवाश्री पदकबाट विभूषित हुने भएका छन् ।

अधिकारी पनि लामो समयदेखि मकवानपुरमा पत्रकारिता गर्दै आएका हुन् । उनले छापादेखि डिजिटल प्लेटफर्मको अनलाइन मिडिया हुँदै टेलिभिजन सञ्चार माध्यम सञ्चालन गरिसकेका छन् । सरकारले मकवानपुरमा प्रशासकीय जिम्मेवारी लिएकाहरुलाई पनि पदक प्रदान गर्न लागेको छ । मकवानपुरका प्रमुख जिल्ला अधिकारीसँगै सुरक्षा निकायका केही प्रमुखहरु पनि बिभुषित हुने भएका छन ।

मकवानपुरका प्रमुख जिल्ला अधिकारी राजेन्द्रदेव पाण्डे, सशस्त्र प्रहरी बल नेपाल नम्बर १४ गण हेडक्वाटर मकवानपुरका सशस्त्र प्रहरी उपरिक्षक नेत्र बहादुर कार्की, राष्ट्रिय अनुशन्धान जिल्ला कार्यलय मकवानपुरका उपअनुसन्धान निर्देशक पप्पुशर्मा पौडेल पनि पदक पाउने नामावलीमा परेका छन् । प्रजिअ पाण्डेलाई सुप्रबल जनसेवाश्री, प्रहरी उपरिक्षक कार्कीलाई प्रबल जनसेवाश्री र उपअनुसन्धान निर्देशक पौडेललाई राष्ट्र यशोवर्दक पदकबाट बिभुषित गरिने भएको छ ।

# प्रदेश सञ्चार माध्यम ऐनको अव्यवहारिक पक्ष संशोधन गरिने

साझाकुरा संवाददाता

हेटौंडा, ३ असोज/ बागमती प्रदेश सरकारले प्रदेश सञ्चार माध्यम व्यवस्थापन (पहिलो संशोधन) ऐनमा भएका अव्यवहारिक पक्ष हटाइने भएको छ ।

सोमबार बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले प्रदेश सञ्चार माध्यम व्यवस्थापन (पहिलो संशोधन) ऐनमा व्यवहारिक नदेखिएका केहि बिषयलाई संशोधन गर्न अध्यादेश ल्याउने निर्णय गरेको हो । जसअनुसार अब सञ्चार ऐनमा भएका अव्यवहारिक विषय हट्ने छ ।

आगामी असोज ५ गते बस्ने मन्त्रिपरिषद बैठकमा अध्यादेशमा समेटिने बिषय प्रस्तुत गरी पारित गर्ने गरी सोमबारको बैठकले अध्यादेश ल्याउने निर्णय गरेको सञ्चार रजष्ट्रिरको कार्यालय हेटौंडाका रजष्ट्रिार रेवती सापकोटाले जानकारी दिए ।

गत ३० साउनमा राजपत्रमा प्रकाशित भएको प्रदेश सञ्चार माध्यम व्यवस्थापन (पहिलो संशोधन) ऐनले ऐनको दफा ४६ को उपदफा (३) (१क)मा कुनै सञ्चार माध्यमले यो ऐन तथा यस अन्तर्गत बनेको नियमावली बमोजिम नवीकरण नगरी कार्यक्रम सञ्चालन गरेमा वा नवीकरण नगरी बिज्ञापन वापतको कुनै रकम उठाएको प्रमाणित भएमा त्यस्तो संस्थालाई जति वर्षको नवीकरण नगरेको हो त्यति वर्षको नवीकरण गर्दा लाग्ने शुल्क बराबरको जरिवाना गरी सो अवधिमा विज्ञापन वापत उठाएको शुल्क असूल उपर गरिने व्यवस्था गरेको थियो ।

यस बारेमा राष्ट्रिय टेलिभिजन प्रसारक संघले आइतवार माननीय आन्तरिक मामिला तथा कानून मन्त्री कृष्णप्रसाद शर्मा खनाललाई ज्ञापनपत्र बुझाएको थियो । अन्य सरोकारवाला निकायले पनि यस बारेमा बागमती प्रदेश सरकार ध्यानाकर्षण गराउँदै अव्यवहारिक कानूनलाई व्यवहारिक बनाउन माग गर्दै आएका थिए । उक्त व्यवस्थालाई परिवर्तन गरी पहिलेकै व्यवस्था अनुसार असारमसान्त भित्र नविकरण नभएका सञ्चार माध्यमको हकमा जरिवाना लिएर नविकरण गराउने गरी ऐन संशोधन गर्न अध्यादेश ल्याउन लागिएको हो ।

# वन ऐन समुदायमैत्री बनाउन छलफल

साझाकुरा संवाददाता

हेटौंडा, ३ असोज/ सामुदायिक वन उपभोक्ता महासंघ, मकवानपुरले स्थानीय वन ऐन, नीति नियम समुदायमैत्री कसरी बनाउन सकिन्छ भन्ने विषयमा छलफल गरेको छ ।

सोमबार मकवानपुरको पूर्वी क्षेत्र बकैया गाउँपालिकामा समन्वयात्मक बैठक राख्दै महासंघले उक्त छलफल गरेको हो ।

बैठकमा विभिन्न सामुदायिक वनका पदाधिकारीहरुले आर्थिक अभावका कारण समयमा नै कार्ययोजना नवीकरण गर्न नसकेको, बैठक र साधारणसभा नियमित गर्न नसकिएको गुनासो गरेका थिए ।

सहभागीहरुले वन कार्यालय, स्थानीय तहबाट सहयोग नभएको, पुरानो समितिले हिसाबकिताब नबुझाएको लगायतका समस्याहरु राखेको थिए । बैठकका सहभागीहरुले जनचेतना, गरिबी, न्यूनीकरण, अनावश्यक झन्झट, वन पैदावारको समुचित प्रयोग गर्न नपाएको, वन व्यवस्थापन, आयमुलक कार्यक्रम सञ्चालन, वन डढेलो नियन्त्रणका प्रयास, तालिम, गोष्ठी लगायतका क्षेत्रहरुमा काम गर्न नसकिएको बताएका थिए ।

बैठकलाई संबोधन गर्दै बकैया गाउँपालिकाका अध्यक्ष धर्मराज लामछिानेले सामुदायिक वनको विकासमा आफू सदैब लागिरहेको बताए ।

अध्यक्ष लामिछानेले सामुदायिक वनले वनको संरक्षणको साथै जडीबुटी र जैविक विविधता संरक्षण गर्ने काममा समेत लाग्नु पर्नेमा जोड दिए ।

आफूले वन जंगलको ठूलो शत्रुको रुपमा देखेको वन डढेलो नियन्त्रण गर्न आवश्यक कदम चाल्ने र माघ महिनामा बकैयामा जिल्ला स्तरीय गोष्ठी गर्ने बताए ।

गाउँपालिकाले चालू आवमा सामुदायिक वनको विकासको लागि १५ लाख विनियोजित गरेको र नपुग भएमा थप गर्ने बताउँदै अध्यक्ष लामिछानेले बकैयामा भएगरेका कार्यहरुको प्रचारप्रसार गरिदिन सञ्चारकर्मीहरुलाई आग्रहसमेत गरे ।

बैठकमा उपाध्यक्ष भक्त बहादुर खत्री, प्रमुख प्रशासकीय अधिकृत महेश श्रेष्ठ, १ नं. वडा अध्यक्ष आशिष तितुङ, २ नं. वडा अध्यक्ष विश्वराज स्याङतान, ३ नं. वडा अध्यक्ष भुवन सिंह घलान, ४ नं वडा अध्यक्ष राजन दंगाल, ७ नं वडा अध्यक्ष मान बहादुर सिङ्तान, ८ नं वडा अध्यक्ष विष्णु नेगी, १० नं. वडा अध्यक्ष कमला कुमारी वाईवा, ११ नं वडा अध्यक्ष गोपाल बहादुर न्यासुरलगायतको सहभागीता रहेको थियो ।

सामुदायिक वन उपभोक्ता महासंघ, मकवानपुरका अध्यक्ष साधुराम चौलागाईको अध्यक्षतामा भएको बैठकमा जिल्ला कोषाध्यक्ष बलराम अधिकारी, स्थानीय महासंघ, हेटौडाका अध्यक्ष शम्भुप्रसाद न्यौपाने, महासंघ, मकवानपुरकी सहजकर्ता सन्ध्या शिवाकोटी, सञ्चारकर्मी भीमसेन पौडेलले सहजीकरण गरेका थिए ।

## पसल बिक्रीमा

स्कुलरोडमा चालु अवस्थामा रहेको अति व्यस्त कपडा पसल विशेष कारणले बिक्रीमा ।

फोन नं.: ९८४५४८७२३२




**दैनिक पत्रिका पढ्ने बानी गरौं ।**
**पत्रिका नआएमा हामीलाई सम्झनुहोस् ।**




गोर्खाली ट्रेड एण्ड सप्लायर्स
हेटौंडा-४, रजतजयन्ती, फोन: ९८०२९००३१६, ९८०२६३१६६४

## थाहा नगरपालिकाको अत्यन्त जरुरी सूचना

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुबैको उमेर २० वर्ष पूरा भएको हुनुपर्ने व्यवस्था गरेको छ । त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु/गराउनु अपराध हो । बाल विवाह गर्ने, गराउन र सहभागी हुने सबैलाई कानूनले कारबाहीको दायरामा ल्याएको छ । बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

| मुलुकी अपराध संहिता २०७४ | |
|---|---|
| विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन (दफा १७३) | तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म गरिवाना हुनेछ । |
| विवाह गर्न पूरा हुनुपर्ने उमेर पूरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन । | |

थाहा नगरपालिका
मकवानपुर

## इन्द्रसरोवर गाउँपालिकाको सूचना

तपाईको घर वा परिवारमा हुने गरेका जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्ध विच्छेद लगायतका घटनाहरु समयमै सम्बन्धित वडा कार्यालयहरुमा गई दर्ता गराउन हुन समस्त गाउँबासीमा अनुरोध गर्दछौं ।

इन्द्रसरोवर गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय खानीखेत, मकवानपुर




प्रोपाईटर: बिनोद शाही
☎ ९८४५०२२५३१, ९८१७२२४३६२




साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना